# बौद्ध धर्मावलम्बीहरूको निम्ति बाइबलका मूल तत्वहरू

डंकन हिएस्टर
द क्रिस्टाडेलफियन एडभान्समेन्ट ट्रस्ट
पी ओ बॉक्स 3034
साउथ क्रॉयडन्
सरी सी आर 2 0जेड् ए
इंगल्याण्ड

www.bbie.org

यस पुस्तिकाका संस्करणहरू बर्मेली, चीनी, जापानी, कोरियाली, मंगोलियाली, थाइ, भिएतनामी अनि अन्य भाषाहरूमा पनि उपलब्ध छन्।

1 बाइबलको वास्तविक सन्देशको सार-संक्षेप
2 ख्रीष्टान अनि बौद्ध धर्म: केही समानताहरू
3 बौद्ध धर्मका कठिनाइहरू
3.1 प्रभुत्वको प्रश्न
3.2 सत्यसम्बन्धी अवधारणा
3.3 बुद्ध बनाम् येशू
3.4 ईश्वरको प्रकृति
3.5 मृत्युपछिको जीवन
3.6 प्रारब्ध
3.7 पापको समस्या
3.8 दु:खको समस्या
4 निष्कर्षहरू

## 1 बाइबलको सन्देशको सार-संक्षेप

बाइबल दुइ मुख्य भागहरूमा बाँड़िएको छ– नयाँ नियम अनि पुरानो नियम। यो पुस्तिकालाई पढ़दा तपाईंलाई दुवै भागहरू भएको सम्पूर्ण बाइबल चाहिन्छ।

कृपया आफ्नो नयाँ नियमको प्रथम पुस्तक, मत्तीको सुसमाचार खोल्नुहवस्। सुसमाचार भनेको 'राम्रो खबर' हो। मत्ती एकजना सरकारी अधिकारी थिए जो येशूका शिष्य भए अनि यात्राहरूमा उनी येशूसितै हिंड़थे। प्रथम अध्याय अनि प्रथम पद हो–मत्ती 1:1 (संख्याहरूको यस्तो जोड़ी तपाईले देख्नुभयो भने प्रथम संख्याले अध्याय बताउँछ अनि दोस्रोले पद) सुसमाचारको मत्तीद्वारा गरिएको व्याख्याको यो प्रारम्भ हो। हामी पढ़छौं ''*अब्राहामका पुत्र, दाऊदका पुत्र, येशू ख्रीष्टको वंशावली*''। यो शायद हामीले सोचेको झैं छैन होला। मत्ती भन्छन्, दाऊद तीन हजार वर्ष अघिका हुन् अनि उनी इस्राएलका एक प्रसिद्ध राजा थिए। अब्राहाम चार हजार वर्ष अघिका हुन् अनि उनी यहूदी तथा अरब, दुवै वंशहरूका पुर्खा थिए। मत्तीले हामीलाई कुन सत्य बताउँछन् भने येशू दाऊद अनि अब्राहाम, दुवैका सन्तान हुन्। पावल येशूका एक अन्य शिष्य थिए। पहिले त उनी ख्रीष्टान गिर्जाको शत्रु थिए अनि यसमाथि विश्वास गर्नेहरूलाई हैरान पार्थे, तर येशूले उनको अन्तर्दृष्टिमा दर्शन दिनुभयो अनि उनलाई ख्रीष्टान बनाउनु भयो। उनले पनि सुसमाचारलाई मत्तीले झैं व्याख्या गर्नुभयो। कृपया गलाती 3:8 हेर्नुहवस् : ''*परमेश्वरले अन्य जातिहरूलाई विश्वासैबाट धर्मी ठहराउनु हुन्छ भन्ने कुरो पहिलेबाटै जानेको हुनाले धर्मशास्त्रले अब्राहामलाई अघिबाटै 'तँमा नै सबै जातिहरूले आशिष पाउनेछन्' भन्ने सुसमाचार सुनायो।*''

अब्राहामलाई जुन वाचा गरिएको थियो त्यो यही सुसमाचार थियो। यसकारण, परमेश्वरले अब्राहामलाई के वाचा दिनुभएको थियो भन्ने कुरो हामीले बुझ्नसक्यौं भने हामी यो सुसमाचार पनि बुझ्नसक्छौं। हामीलाई पुरानो नियममा फर्केर जाने तथा परमेश्वरले अब्राहामलाई के भन्नुभयो, सो हेर्ने आवश्यकता छ। बाइबलको प्रथम पुस्तक, उत्पत्तिको पुस्तक 17:8 हेर्नुहवस् : ''*तैंले बसोबासो गरेको यो देश, अर्थात् सारा कनान देश तँ र तेरा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।*''

परमेश्वरले अब्राहामलाई के वचन दिनुभयो भने उ र उसका भावी सन्तान सदैवको निम्ति यस पृथ्वीमा बसोबास गर्नेछन्। पुरानो नियममा उल्लेखित यो अनन्त जीवनको विचार बढ़ो महत्वपूर्ण छ। यो कुरोमाथि ध्यान दिनुहवस्–किनभने बाइबलको यो अत्यावश्यक सन्देश सबैतिर एउटै छ। अब्राहाम सदैवको निम्ति कसरी बाँच्नसक्छ? कृपया उत्पत्ति 22:17,18 हेर्नुहवस् *''तेरो सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह तुल्याउनेछु; औ तेरो सन्तानले आफ्ना शत्रुहरूका शहरहरूमाथि कब्जा गर्नेछ। तैंरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनभने तैंले मेरो वचन पालन गरिस्।''* परमेश्वरले अब्राहामलाई के वचन दिनुभयो भने उसको एक पुत्र हुनेछ जसले समग्र विश्वलाई आशीर्वाद दिनेछ। बाइबल बुझ्ने तरीका यो हेर्नु हो कि बाइबलले स्वयंको अर्थ कसरी खोल्छ। अहिले हामीहरूले जुन शब्दहरू पढ़यौं ती नयाँ नियमको प्रेरित 3:25,26 मा पनि उद्‌धृत गरिएका छन्। त्यहाँ हेरेर यसको अर्थ खोल्ने प्रयास गरौं *''तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ जसलाई परमेश्वरले, तपाईहरूका पुर्खा अब्राहामलाई, यसो भनेर बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष पाउनेछन्' परमेश्वरले आफ्ना सेवकलाई बिउँताएर तपाईंहरू हरेक आफ्ना आफ्ना अधर्मबाट फर्कनुहोस् भनेर तपाईंहरूलाई आशिष दिनको निम्ति, उहाँलाई तपाईंहरूकहाँ पहिले पठाउनुभयो।''* उसो भए, अब्राहामका सन्तान को हुन्? प्रेरित 3:25 मा उल्लेखित सन्तान येशू हुन्। अनि समग्र विश्वका पुरूष अनि महिलाहरूको निम्ति उहाँले कस्तो आशिष लिएर आउनुहुन्छ? यो आशिष हो पापहरूको क्षमा अनि मुक्तिको। हामी अघाड़ि बढ़ौं अनि गलाती 3:16 हेरौं *''अब अब्राहामलाई र उनका वंशलाई सो प्रतिज्ञाहरू बोलिएको हो। वंशहरूलाई भनी धेरै जनालाई भने झैं गरी होइन, तर एकै जनालाई, तेरो वंशलाई, जो ख्रीष्ट हुनुहुन्छ।''* यसकारण, अब्राहामको वंश एक व्यक्ति, केवल एक, येशू हुनुहुनथ्यो। तर त्यो एक व्यक्ति कसरी धेरै, आकाशका ताराहरू झैं, धेरै हुनसक्थ्यो? हामी गलाती 3:27–29 पढ़ौं *''किनकि ख्रीष्टमा बप्तिस्मा भए जति तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। अब यहूदी, ग्रीक, कमारा, फुक्का, नर, नारी छैन, किनभने तिमीहरू सबै ख्रीष्ट येशूमा एउटै छौ। औ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका वंश हौ, र प्रतिज्ञा बमोजिमका हकवाला पनि हौ।''* यसकारण, पावलले गलाती 3:29 मा के भनेका छन् भने

ती व्यक्तिहरू मात्रै परमेश्वरद्वारा अब्राहामलाई गरिइएको प्रतिज्ञा बमोजिमका हकदार हुन् जो ख्रीष्टमा बप्तिस्मा भएका छन्। बप्तिस्मा लिनु भनेको एउटा समारोहमा भाग लिनु हो जसमा येशूमाथि विश्वास राख्ने व्यक्ति कुनै नदीको पानीको सतह मुनि जान्छ र नुहाउँछ वा कुनै तरणतालमा यसो गर्छ, जो ख्रीष्टलाई चिहानमा गाड़ेको प्रतीक हो। यो समारोहमा भाग लिनुको अर्थ, त्यो व्यक्ति ख्रीष्ट जस्तै हुनचाहन्छ भनेर देखाउनु हो। जब त्यो व्यक्ति पानीबाट बाहिर आउँछ तब उ ख्रीष्टान हुन्छ। यदि हामीहरूले बप्तिस्मा लिएका छौं भने मात्र हामी आकाशका असंख्य ताराहरू झैं अब्राहामका एक सन्तान हुनेछौं अनि परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको थियो सो पाउनेछौं अर्थात् यहाँ पृथ्वीमा अनन्त जीवन। यसकारण यदि हामी आफूलाई बचाउन चाहन्छौं भने हामीहरूले बप्तिस्मा लिनुपर्छ। पावलले भनेका थिए कि उनको आशा ''*इस्राएलको आशा*'' (प्रेरित 28:20) हो,। उनको यही आशा–इस्राएलको आशा नै त्यो कारण थियो जसले गर्दा उनले मृत्युको सामना गर्नुपर्‍यो।

उसो भए बप्तिस्मा भनेको के हो त? यो पानी छर्किनु होइन। नयाँ नियम ग्रीक भाषामा लेखिएको छ अनि यसकारण बप्तिस्मा भन्ने शब्दको अर्थ मानिसहरूले ''साँच्चि नै डुब्नु'' लगाए। यो शब्दको प्रयोग जहाज डुब्नु, डुबिरहेको वा कुनै कपड़ाको टुक्रालाई डुबाएर एउटा रंगदेखि अर्को रंगको बनाउनु आदिलाई बुझाउनको निम्ति गरिन्थ्यो। मत्ती 3:13–16 लाई एकपल्ट हेरौं ''*तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिनलाई आउनुभयो। तर यूहन्नाले यसो भनेर उहाँलाई रोके, ''मलाई बरू तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ अनि तपाईं भने मकहाँ आउनु भएको छ?* '' तर येशूले तिनलाई भन्नुभयो, ''*अहिले यसै हुनदेऊ। किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।'' तब तिनले उहाँलाई मञ्जूर गरे। अनि येशू बप्तिस्मा लिएर तुरन्तै पानीबाट माथि निस्किनुभयो, अहो! हेर स्वर्ग उहाँको निम्ति उघ्रियो र उहाँले परमेश्वरका आत्मालाई ढुकुर झैं ओर्लदैगर्नुभएको औ आफूमाथि आउँदैगर्नुभएको देख्नुभयो।''* येशू पानीमुनि जानुभयो अनि यसबाट माथि आउनुभयो। उहाँले एकजना वयस्कले झैं डुबेर बप्तिस्मा लिनुभयो नानीहरूले झैं पानी छर्केर होइन। यसैकारण यो कार्य एउटा नदीमा गरियो। अनि यदि उहाँले बप्तिस्मा लिनुभयो भने हामीले पनि त्यसै गर्नुपर्छ। यो डुबुल्की मार्नु अनि माथि उठनु येशूको मृत्यु

अनि पुनर्जीवनको प्रतीक हो। अनि बप्तिस्मा लिनुको अर्थ उहाँको मृत्यु र पुनर्जीवनलाई हामीले आफ्नो बनाउने निर्णय लिनु हो। यसैकारण यो कार्य पानी छर्केर होइन तर पानीमा डुबुल्की मारेर गर्नुपर्छ। रोमी 6:3–5 हेर्नुहवस् ''*अथवा के तिमीहरू अजान छौ, हामी सबै, जति जनाले ख्रीष्टमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण त्यस बप्तिस्माद्वारा हामी उहाँसँगै गाड़ियौं, र जसरी ख्रीष्ट मरेकोबाट पिताको महिमाद्वारा बिउँताइनुभयो, त्यसरी नै हामी पनि नयाँ जीवनको चालामा हिंड़ौं। किनकि यदि उहाँको मृत्यु जस्तै गरी हामी उहाँसँग सम्मिलित भएका छौं भने, उहाँको पुनरूत्थानमा पनि त्यसरी नै हुनेछौं।*'' यसकारण, हामी तपाईंलाई बप्तिस्मा लिने आग्रह गर्छौं। येशू ख्रीष्टलाई स्वीकार गर्नुहवस्–यसलाई आफ्नो जीवनको उद्‌देश्य बनाउनुहवस्।

येशूमा बप्तिस्मा लिएपछि हामी उहाँकै एक अंश बन्नेछौं, अनि यसरी ती प्रतिज्ञाहरूको हामी पनि हकदार हुनेछौं। यसकारण जब उहाँ फर्किनुहुनेछ, हामीहरूले पुनर्जीवन पाउनेछौं, हाम्रो बारेमा त्यतिबेला फैसला गरिनेछ अनि यदि हामीहरूले परमेश्वरको आदेश अनुरूप जीवन बिताएका छौं भने हामीले अनन्त जीवन पाउनेछौं, यस्तो जीवन जस्तो जीवन अहिले उहाँको छ। त्यसपछि हामी यहाँ पृथ्वीमा परमेश्वरको राज्यमा सधैँको निम्ति बाँचिरहने छौं। यदि तपाईं यसमाथि विश्वास गर्नुहुन्छ भने जीवनको एक नयाँ अर्थ हुनेछ। हामीहरूले यो कुरो बुझ्नेछौं कि जे जति भौतिक समस्याहरू छन् ती सबै अस्थायी हुन्, अनि जब ख्रीष्ट फर्किनुहुनेछ तब उहाँले हामीलाई नयाँ अनि अनन्त जीवन प्रदान गर्नुहुनेछ। यसैकारण बाइबल अनि ख्रीष्टमा वास्तविक आशा र भरोसा निहित छ। भविष्यबारे आशा यति महान छ कि यसको सामु हाम्रा वर्तमान समस्याहरू नगण्य देखिन्छन्।

तर यो कसरी हुनसक्छ कि यो व्यक्ति, येशूले हामीलाई बँचाउन सक्नुहुनेछ? उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्थ्यो अनि यसैकारण हामीले उहाँको मृत्यु अनि पुनर्जीवनमा बप्तिस्मा लिनुपर्छ; किनभने उहाँ हामी जस्तै हुनुहुन्थ्यो। हिब्रू 2:14–18 हेर्नुहवस् ''*छोरा-छोरीहरू रगत र मासुको बनिएको हुनाले उहाँ पनि यस्तै हुनुभयो। मृत्युको शक्ति राख्ने शैतानलाई नष्ट पार्नको निम्ति नै उहाँ यस्तो हुनुभयो। मृत्युको डरले सारा जीवन दासत्वमा बिताउनेहरू*

*सबैलाई छुटाउनलाई पनि उहाँ यस्तो हुनुभएको हो। साँच्चिनै उहाँले स्वर्गदूतहरूलाई होइन, तर अब्राहामका सन्तानलाई सम्हाल्नु हुन्छ। यसकारण मानिसहरूका पापको प्रायश्चित गर्नलाई, परमेश्वरसम्बन्धी कुरामा कृपालु र विश्वासयोग्य प्रधान पूजाहारी हुनलाई, सबै कुरामा उहाँलाई आफ्ना दाज्यू-भाइहरू जस्तै बनिनुपर्‍यो। किनभने उहाँ आफै प्रलोभनमा परेर उत्पन्न परीक्षाहरूमा परेर दुःख भोग्नुभएको हुनाले यस्तै परीक्षाहरूमा पर्नेहरूको उहाँले सहायता गर्नसक्नु हुन्छ।''* यहाँ शैतानमाथि ध्यान दिनुहवस्ः शैतान न त कुनै जनावर हो न कुनै राक्षस। यसको उपयोग यहाँ पापलाई व्यक्तिको रूप दिनको निम्ति गरिएको छ। *''पापको ज्याला मृत्यु हो''* (रोमी 6:23), तर हामी यहाँ के पढ्छौं भने *''शैतानकोमा मृत्युको शक्ति छ''* हाम्रो आफ्नै प्रकृति विरूद्ध संघर्ष गर्ने खाँचो हामीलाई छ न कि हामीभन्दा बाहिरका कुनै अदृश्य वस्तु विरूद्ध। पद 14 ले यही कुरो कैयन् पल्ट भन्छ–उहाँले स्वयं नै हाम्रो जस्तै शरीर, प्रकृति ग्रहण गर्नुभयो। यद्यपि धेर जसो ''ख्रीष्टान'' समूहहरूले के सिकाउँछन् भने त्यहाँ त्रिदेव अर्थात् तीन परमेश्वरहरू छन् अनि येशू तीमध्ये एक हुनुहुन्छ। तर यो त्यो होइन, जो बाइबलले भन्छ। अनि हिब्रू अनुसार, येशूलाई राम्ररी बुझ्नु हाम्रो निम्ति औधि नै महत्वपूर्ण छ। उहाँ हामी जस्तै नै हुनुहुन्थ्यो। यो कुरो लेखकले जोर दिँदै चारपल्ट लेखेका छन्–उहाँ पनि हामी जस्तै विविध प्रलोभनद्वारा उत्पन्न परीक्षाहरूमा पर्नुहुन्थ्यो।

अनि प्रलोभनहरूद्वारा उत्पन्न परीक्षाहरूमा हामी कसरी पर्छौं? हाम्रो आफ्नै मानव प्रकृतिद्वारा, मानव स्वभावद्वारा। याकूब १:१३–१५ हेर्नुहवस् *''प्रलोभनद्वारा उत्पन्न परीक्षामा पर्दा कुनै मानिसले पनि यसो नभनोस्, 'परमेश्वरबाट मेरो परीक्षा भएको छ,' किनभने कुनै नराम्रो कुराबाट परमेश्वरको परीक्षा हुनसक्दैन, औ उहाँ आफैले कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै तृष्णाबाट खिँचिई लोभिएर परीक्षामा पर्दछ। तब तृष्णा गर्भवती भएर पापलाई जन्माउँछ, र पाप पूरा बढेपछि मृत्यु उत्पन्न गराउँछ।''* यसको अर्थ के हुन्छ भने येशूको हाम्रो जस्तै मानव स्वभाव थियो। यसले भन्दछ, परमेश्वरलाई परीक्षामा पार्न सकिदैन, तर हिब्रूले भन्दछ, येशू परीक्षामा पर्नुभयो। यसकारण येशू स्वयं परमेश्वर हुनुहुँदैन थियो। उहाँ एक मानिस हुनुहुन्थ्यो, जन्मद्वारा परमेश्वरका पुत्र, अनि मरियम मार्फत

दाऊद र अब्राहामका वंशज। यस्तै प्रकारले, परमेश्वरको जन्म हुनसक्दैन; तर येशूको जन्म भएको थियो। परमेश्वरको मृत्यु हुन सक्दैन तर येशूको मृत्यु भयो। हामी परमेश्वरलाई देख्न सक्दैनौं; तर मानिसहरूले येशूलाई देखे, उहाँसित हातेमालो गरे। आफ्नो जन्मअघि येशूको कुनै अस्तित्व थिएन। उहाँ मरियम मार्फत परमेश्वरका पुत्र हुनुहुन्थ्यो। लूका 1:31–35 हेर्नुहवस् '' *'अब हेर, तिमी गर्भवती हुनेछौं, र एउटा छोरो जन्माउनेछौं, र तिमीले उहाँको नाउँ येशू राख्नु। उहाँ महान हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनु हुनेछ, औ परमप्रभु परमेश्वरले उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। उहाँले याकूबको घरानामाथि सदा सर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त हुनेछैन।' तर मरियमले दूतलाई भनिन्, 'यो कसरी होला? किनकि मेरो विवाह भएको छैन।' दूतले तिनलाई जवाफ दिएर भने, 'पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, औ परमप्रधानको शक्तिले तिमीलाई छाया पार्नेछ, यसैकारण जो जन्मनुहुनेछ सो पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।''* यहाँ यी सबै भविष्यकालहरूमाथि ध्यान दिनुहवस्। उहाँ परमेश्वरका पुत्र हुनुहुनेछ, मरियमले गर्भधारण गर्नेछिन् यो नै वास्तवमा येशूको प्रारम्भ हो, यद्यपि येशूको सम्बन्धमा धारणा शुरूदेखि नै सदैव परमेश्वरसित संलग्न रहेको छ। यो कुरो पनि विचार गर्नुहवस् कि मरियम एक साधारण स्त्री थिइन्। येशू अब्राहाम र दाऊदका वंशज हुनुहुन्थ्यो, अनि यस्तो भएको एकमात्र कारण उहाँकी आमा उनीहरूको वंशज हुनु हो। यदि येशू परमेश्वर हुनुहुन्थ्यो भने मरियम परमेश्वरको आमा हुनुभयो, अनि यसप्रकार, उहाँ एक साधारण स्त्री हुनुहुँदैन थियो। यदि बाइबलले येशू परमेश्वरको पुत्र साथै ''*मानिसको पुत्र*'' अर्थात् मरियम मार्फत अब्राहाम र दाऊउदको वंशज हो भनेर सिकाउँछ भने यो कुरो स्पष्ट हुनजान्छ कि मरियम एक साधारण स्त्री थिइन्। यसकारण, यी सबै, वास्तवमा साँचो विश्वास वा गलत विश्वासको परिणाम हो। साँचो कुरोमा विश्वास गर्नु हाम्रोलागि बढ़ो महत्वपूर्ण हुन्छ किनभने सिद्धान्तहरूको हाम्रो जीवनमाथि प्रभाव पर्छ। हिब्रू 4:15,16 हेर्नुहवस् ''*किनकि हाम्रा प्रधान पूजाहारी हाम्रा निर्बलतामा हामीसँग दुःखी हुन नसक्ने होइन। तर सबै कुरामा हामी जस्तै परीक्षित, र पनि पापरहित हुनुहुन्छ। यसकारण अनुग्रहको परमेश्वरको नजीक हामी निर्भयसँग आऔं, र कृपा पाऔं, औ दरकारको समयमा उपकारको निम्ति उहाँद्वारा अनुग्रह पाउनसक्छौं।''* येशू हाम्रो आफ्नै स्वाभावको भएको हुनाले हामी विश्वासपूर्वक उहाँ

मार्फत परमेश्वरलाई प्रार्थना गर्नसक्छौं। हाम्रो प्रार्थनालाई स्वीकृत गराउनको निम्ति हामीलाई कुनै मानव पूजाहारी, गिर्जा वा पादरीको आवश्यकता पर्दैन। अब म तपाईंहरू समक्ष अहिलेसम्म चर्चा गरिएका कुराहरूको सार–संक्षेप राखिरहेछु:

1- त्यहाँ केवल एउटै परमेश्वर छन्, त्रिदेव होइन।

2- येशू परमेश्वरका पुत्र हुनुहुन्छ, स्वयं परमेश्वर होइन; उहाँ आफ्नो जन्मअघि अस्तित्वमा हुनुहुँदैन थियो। मानवमा हुने सबै अनुभवहरू उहाँमा थियो अनि मानवले सामना गर्नपर्ने सबै परीक्षाहरूको सामना पनि उहाँले गर्नुभयो, तर उहाँले कहिल्यै पनि पाप गर्नुभएन। उहाँले हाम्रो निम्ति, एक कष्टदायी मृत्युद्वारा, आफ्नो जीवन दिनुभयो, तर उहाँले कहिल्यै पनि पाप नगर्नुभएकोले, परमेश्वरले उहाँलाई मृत्युबाट बौह्री उठाउनु भयो।

3- पानीमा डुबुल्की मारेर ख्रीष्टमा एक वयस्कले झैं बप्तिस्मा लिनाले हामी उहाँको मृत्यु अनि पुनर्जीवनको सम्भागी बन्छौं।

4- यसकारण, जब येशू ख्रीष्ट फर्किनुहुनेछ तब हामीहरूले पुनर्जीवन पाउनेछौं, हामी बारे फैसला हुनेछ अनि हामीलाई उहाँको राज्यमा अनन्त जीवन प्रदान गरिनेछ–जुन राज्य यहीँ पृथ्वीमा नै स्थित हुनेछ। यो राज्य अदनको बगैंचाको संसारसरह नै हुनेछ जहाँ परमेश्वरले सर्वप्रथम मानिसलाई बनाउनु भयो। युद्ध, अकाल, दु:ख, यहाँसम्म कि मृत्यु जस्ता पृथ्वीमा व्याप्त सबै समस्याहरूको एक दिन सदैवको निम्ति अन्त हुनेछ।

5- मृत्युपछि हामी अचेत हुन्छौं–'नर्क' भनेको केवल 'चिहान' मात्रै हो।

6- शरीर अजम्मरी छैन; हामी माटोले बनिएका हौं अनि माटोमै मिल्नेछौं। हाम्रो अन्तरमा रहेको आत्मा नै हाम्रो जीवन शक्ति हो, जसलाई हाम्रो मृत्यु पश्चात् परमेश्वरले वापस लिनुहुन्छ। मृत्यु पश्चात् कुनै प्रकारको चेतनामा पनि हाम्रो अस्तित्व रहदैन।

7- '*शैतान*' हाम्रो अन्तरमा रहेका पापपूर्ण चाहनाहरूको प्रतीक हो, जसको विरूद्धमा हामीहरूले संघर्ष गर्नुपर्छ; यो कुनै दैत्य वा राक्षसको नाउँ होइन जो अस्तित्वमा छ। परमेश्वर शत प्रतिशत शक्तिशाली हुनुहुन्छ; उहाँले आफ्नो शक्तिको शैतानसित

साझेदारी गर्नुहुँदैन। हाम्रा सबै समस्याहरू शैतानबाट होइन तर परमेश्वरबाट आउँछन्। यसकारण यी समस्याहरूको सकारात्मक आध्यात्मिक उद्‌देश्य हुन्छन्।

8- हामीहरूले, स्वयंको निम्ति बाइबलको अध्ययन गरेर, परमेश्वरकोमा जाने साँचो मार्गको पत्तो लगाउन सक्छौं।

म तपाईंहरूलाई यी कुराहरूको अध्ययन गर्ने तथा साँचो सुसमाचारलाई सही अर्थमा नबुझेसम्म विश्राम नगर्ने आग्रह गर्दछु। मलाई यो आशा छ कि तपाईंले हाम्रो नि:शुल्क बाइबल पाठ्यक्रमको अध्ययन गर्नुहुनेछ; अनि एक दिन पानीमा डुबुल्की मारेर बप्तिस्मा लिने उद्‌देश्य लिएर अघाडि बढ्नुहुनेछ। त्यसपछि तपाईंले अनन्त जीवन पाउने आशा अवश्यै गर्नसक्नुहुनेछ। ठीकै छ, हामीहरूले अनन्त जीवनको कल्पना गर्नसक्दैनौं। म तपाईंहरूलाई एउटा लामो, औधि नै लामो, कुनै अन्त नभएको, टाढ़ा-टाढ़ासम्म तन्किएको एउटा रेखाको कल्पना गर्ने सुझाउ दिन्छु। हाम्रो यो जीवन यो रेखाको प्रारम्भको केवल केही मिलिमीटर मात्रै हो। यदि हामी येशूमा बप्तिस्मा लिएर उहाँमै समर्पित जीवन बितायौं भने हामी यस्तो जीवनको आशा गर्नसक्छौं। म तपाईंहरूसित यी सबै कुराहरूलाई गम्भीरतापूर्वक लिने, अनि यसलाई केवल धर्मको रूपमा लिँदै एक साधारण कुरो नसम्झिने विन्ति गर्दछु।

## 2. ख्रीष्टान अनि बौद्ध धर्म: केही समानताहरू

बौद्धको अर्थ हुन्छ जाग्रत् अवस्था। यहाँ के मानिएको छ भने मानव सुप्त अवस्थामा हुन्छ। नयाँ नियम यो तथ्यसित सहमत छ: *''ए निदाउने, बिउँझी र मुर्दाहरूबाट उठ्, र ख्रीष्टको ज्योति तँमाथि चम्कनेछ''* (एफिसी 5:14)। तर ज्योति प्रदान गर्नुहुने येशू हुनुहुन्छ, यो स्वयंको शक्तिद्वारा प्राप्त गर्नसकिने कुरो होइन।

तेस्रो महान सत्य अनुसार दु:ख-कष्टहरूको समाप्ति, जीवनको असामंजस्यहरूबाट मुक्ति आफ्ना स्वार्थी चाहनाहरूमाथि विजयद्वारा सम्भव हुन्छ। दु:ख-कष्टहरूलाई समाप्त पार्ने मार्गतर्फ डोर्‍याउने चौथो महान सत्यले यो मुक्ति कसरी प्राप्त गर्नसकिन्छ, सो बताउँछ। यो दासत्वबाट हाम्रो मुक्ति *''अष्टगुण मार्ग''*-द्वारा प्राप्त गर्नसकिन्छ। यसले मानिसको

पूर्णरूपमा पुनर्निमाण गर्दछ अनि जीवनका पंगु बनाउने असमर्थताहरूबाट मुक्ति दिलाएर उसलाई एक भिन्नै जीवमा परिणत गर्दछ। यो अष्टगुण मार्गको प्रथम पाइलो हो सही बुझ्ने शक्ति।

ख्रीष्टान धर्ममा पनि सही बुझ्ने शक्तिको खाँचो पर्दछ। येशूले भन्नुभएको छ कि उहाँ नै *''सत्य''* हुनुहुन्छ (यूहन्ना 14:6)। साँचो ख्रीष्टान धर्मले विश्वासमाथि अत्यधिक जोर दिन्छ। तर विश्वास, परमेश्वरका वचन सुनेर मात्र आउँछ (रोमी 10:17)। विश्वास भन्नाले कुनै कुरोमाथि विश्वास गर्नु बुझिन्छ। यसकारण, साँचो विश्वास विकसित गर्नको निम्ति, बाइबलको सन्देशलाई सही अर्थमा बुझ्नु, अनिवार्य ठहर्दछ। विश्वास आशावादिताको एकखालको अस्पष्ट अनुभव मात्रै होइन। दु:ख-कष्टहरूको समाप्तिको बारेमा बाइबलमा पनि उल्लेख गरिएको छ। तर यसको समाधान यस संसार साथै मानव स्वभावको मौलिक परिवर्तनमा निहित छ। अनि यो आफ्नो पुत्र येशू मार्फत परमेश्वरको सीधा हस्तक्षेपबाट मात्रै सम्भव छ। पावलले लेखेका छन् कि भिन्नै हुने उनको उग्र चाहना थियो; उनले त्यो जीवन देख्न सक्थे जो खुशीले बिताइन सकिन्थ्यो, त्यो जीवन जो उनी, तपाईं अनि म, सबैजनाले सदैव चाहेका थियौं ... तर उनले आफै भित्र एक नियम विद्यमान भएको पाए जस अनुसार उनी जहिले पनि कुनै राम्रो कुरो गर्न चाहन्थे, नराम्रो कुरो पनि त्यहाँ स्वत: उपस्थित हुन्थ्यो। उनको निम्ति यो संकटको समाधान येशूमा निहित थियो। उनी प्रश्न गर्छन्, *''कसले मेरो उद्धार गर्नेछ?''।* यो प्रश्न यस्तो छ जसले बौद्धहरूको स्व:-उद्धारको सिद्धान्तलाई नकार्दै यसलाई असम्भव ठहराउँछ। उनले भने, यसको उत्तर येशू ख्रीष्टमा छ किनभने उहाँको स्वभाव र प्रकृति हामी जस्तै भएता पनि उहाँले आफ्ना इच्छाहरूमाथि विजय पाउनुभएको छ। यसकारण उहाँ स्वयं मृत्युबाट बौह्री उठ्नुभयो, अनि अनन्त मुक्तिको कर्त्ता हुनुभयो (हिब्रू 5:9)। किनभने येशू मानव हुनुहुन्थ्यो (स्वयं भगवान होइन), यसैले उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्छ (हाम्रो प्रतिस्थापक होइन, यो कुरामाथि ध्यान दिनुहवस्)। बप्तिस्माद्वारा उहाँको मृत्यु अनि पुनर्जीवनमा सम्मिलित भएर हामी अहिले, यसै घड़ी परमेश्वरको दृष्टिमा साँचो अनि निरपराधको रूपमा गनिनेछौं, अनि जब येशू फर्केर आउनुहुनेछ तब हामी पनि त्यस्तै निर्दोष र साँचो बन्नेछौं जस्तो उहाँ हुनुहुन्छ। म प्रत्येक बौद्ध धर्मावलम्बीहरूलाई

चुनौती दिन्छु: के तपाईंहरूले अष्टगुण मार्गलाई अपनाएर आफूभित्र रहेका पापी प्रवृत्तिहरूमाथि विजय प्राप्त गर्दै नैतिक दृष्टिले एक आदर्श मानवमा परिणत हुनुमा सफलता पाउनुभएको छ? कुनै पनि महिला वा पुरूषलाई तपाईंले यसको उत्तर *"अँह, अहिलेसम्म त पाएको छैन"* भनेर दिनुपर्छ। यो उत्तर तपाईंले दिनुहुनेछ, यदि तपाई इमान्दार हुनुहुन्छ भने। अनि म तपाईंलाई अझै अर्को चुनौती दिन्छु, सो के भने अहिलेसम्म त्यहाँ कोही पनि यस्तो बौद्ध धर्मावलम्बी छैन जसलाई यस्तो नैतिक परिपूर्णता प्राप्त भएको छ। मानव स्वभावमा आफै सुधार आउन सक्दैन: यसमा परिवर्तनको निम्ति परमेश्वरद्वारा कार्यवाहीको आवश्यकता पर्छ। उहाँले हामीलाई उहाँको प्रेममाथि हाम्रो विश्वासद्वारा परिपूर्ण बनाउनुहुन्छ, हामीलाई सुधार्नु हुन्छ। यो प्रेमले हामीलाई आदर्श मानव बनाउँछ। जसरी, हामी जुन व्यक्तिलाई प्रेम गर्छौं उसका दोषहरूप्रति ध्यान दिँदैनौं, ठीक त्यसरी नै उहाँको प्रेमले कार्य गर्छ। यो सृष्टिका सबै दु:ख-कष्टहरूलाई परमेश्वरका पुत्र, येशूले मेटाउनु हुनेछ। अदनको बगैँचामा पाएको श्रापबाट मुक्ति दिलाउन उहाँले समग्र सृष्टिमा बलपूर्वक परिवर्तन ल्याउनुहुनेछ (रोमी 8:19-23)।

बौद्ध धर्ममा उल्लेखित चौथो पाइलो हो उचित कर्म, वा व्यवहार। हामीहरूले हाम्रो व्यवहारलाई बुझ्न पर्छ, हामीहरूले जे गर्छौं त्यसको परिणाम बारे सोच्नुपर्छ, अनि पाँच आदेशहरूको पालन गर्दै स्वयंलाई सुधार्नुपर्छ। ती पाँच आदेशहरू हुन्: हत्या नगर, चोरी नगर, नढाँट, व्याभिचार नगर, अनि मादक द्रव्यहरूको सेवन नगर।

अनुशासन, नियम अनि शासन पद्धतिको आवश्यकताको उल्लेख बाइबलमा पनि पाइन्छ। तर मानवको यो प्रयासको उद्‌देश्य परमेश्वरको अनुग्रह प्राप्त गर्नु हो। हामीहरू अनुग्रहको नियम अंतर्गत छौं (एफिसी 2:8)। परमेश्वरको अनुग्रहले हामीहरूलाई नास्तिकपना र संसारको तृष्णालाई अस्वीकार गर्न सिकाउँछ (तीतस 2:11,12)। परमेश्वरको अनुग्रह वास्तवमा अरू केही नभएर यो विश्वास हो कि उहाँले हामीहरूलाई स्वीकार गर्नुहुनेछ अनि धर्मपरायणको रूपमा हाम्रो गन्ती गर्नुहुनेछ, त्यतिकै पूर्ण मान्नुहुनेछ जतिको पूर्ण उहाँको पुत्र हुनुहुन्छ ... यो नै त्यो कुरो हो जसले हामीहरूलाई प्रेरणा दिन्छ। हामीहरूले पर्याप्त कर्म

गऱ्यौं भने हामी राम्रो हुनेछौं वा हामी पूर्ण मानव बन्नेछौं भन्ने विचारले यस्तो प्रेरणा दिँदैन। मैले के देखेको छु भने धेर जसो धर्महरू (स्वधर्मविमुख ख्रीष्टान लगायत)–ले नियमहरू पालन गर्दै कर्म गर्नमा जोर दिन्छन्। रोमीमा पावलले के तर्क दिएका छन् भने हामीलाई बचाउन सक्ने कुनै त्यस्तो नियम संहिता छैन। पुरानो नियममा मानवतालाई यो पाठ पढ़ाउने एक नियम थियो कि कुनै नियमद्वारा मुक्ति प्राप्त गर्नु सम्भव छैन। अनि यसकारण, हामीहरूले आफ्नो घुड़ा टेकेर मुक्तिको पवित्र अनुग्रह स्वीकार गर्नुपर्छ जो यो सम्पूर्ण मानव, येशूमा छ। अनि स्वयंलाई उहाँमा बप्तिस्मा गराएर उहाँसितै आफूलाई सम्मिलित गराउनु पर्छ र उहाँलाई नै आफ्नो चिन्हारी बनाउनु पर्छ। ख्रीष्टान धर्ममा भएको अनुग्रहको यो विलक्षण अवधारणा बौद्धहरूको पुन्न अर्थात् पुण्यको धारणाको एकदमै विपरीत छ। यो पुण्य कतिपय सत्कर्म अर्थात् दानहरूद्वारा प्राप्त हुँदछ।

बौद्ध धर्म मान्नेहरूले कर्मलाई एक बीजसरह नै ठान्छन्, जो रोपिन्छ अनि पछि गएर यो एक वृक्ष हुन्छ। आफ्नो जीवनमा मानिसले जे जस्तो कर्म गर्छ त्यसैले उसको अर्को जन्ममा उ के हुनेछ, सो नियन्त्रित गर्छ भन्ने कुरोमाथि उनीहरू विश्वास गर्छन्। तर बाइबलको दृष्टिकोण भिन्नै छ। हामीहरूले जे रोप्छौं त्यो वास्तवमा जमीनबाट उम्रिने पौधा होइन (1–कोरिन्थी 15:35–49)। हामी त केवल बीज मात्रै छर्दछौं। तर, पावल भन्दछन्, परमेश्वरले हरेक बीजलाई त्यसै बमोजिमको शरीर दिनुहुन्छ। यो साँचो हो कि हामीहरूले जे रोप्छौं, पछि गएर त्यही काट्छौं, अहिलेका हाम्रा कर्महरूको अनन्त प्रभाव, फैसलाको दिनमा हामीमाथि पर्छ, तर बिउँतने प्रक्रियाद्वारा नयाँ शरीरको उपहार त परमेश्वरकै अनुग्रहद्वारा मात्रै सम्भव छ।

बौद्ध धर्ममा उल्लेखित ''*अष्टगुण मार्ग*''को अन्तिम् पाइलो हो उचित एकाग्रता, वा उचित तन्मयता, जो हिन्दू धर्मको चौथो मार्ग, राज योग अर्थात् मनोवैज्ञानिक व्यायामहरूद्वारा परमेश्वरसमक्ष पुग्ने मार्गमा प्रयुक्त हुने तकनीकिहरूको श्रृंखलासरह नै छ।

दिव्य सिद्धान्तहरूमाथि ध्यान गर्ने कुरो बाइबलमा पनि सिकाइएको छ। तर हाम्रो मन चञ्चल छ अनि हाम्रो मानव स्वभावले गर्दा यो ध्यान प्रक्रियामा विघ्न पर्नजान्छ। यसैले प्रत्येक ख्रीष्टान अनि बौद्धले यसमा एकप्रकारको पराजयलाई स्वीकार गर्नै पर्छ। यसैकारण, परमेश्वरसमक्ष पुग्ने मार्ग केवल मनोवैज्ञानिक तकनीक मात्रै होइन। त्यो मार्ग हो येशू ख्रीष्ट। परमपितासमक्ष पुग्ने एकमात्र मार्ग उहाँ नै हुनुहुन्छ (यूहन्ना 14:6)। यसैकारण हामी परमेश्वरसमक्ष येशू मार्फत प्रार्थना गर्दछौं-किनभने उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्छ। उहाँ हामी जस्तै एक मानव हुनुहुन्थ्यो र पनि उहाँले कहिल्यै पाप गर्नुभएन।

# 3 बौद्ध धर्मका कठिनाइहरू

## 3.1 प्रभुत्वको प्रश्न

धेर जसो बौद्ध धर्मशास्त्रहरू अनि गौतम बुद्धका उपदेशहरू उहाँको मृत्युको लगभग चार सय वर्षपछि लेखिएका हुन्। जुन समयमा यी लेखिए त्यस समयसम्म बौद्ध धर्म धेरै सम्प्रदायहरूमा विभाजित भइसकेको थियो। उसो भए हामीसित के छ त? बौद्ध धर्मशास्त्रहरूको सत्यताको बारेमा विद्वानहरू पनि निश्चित छैनन्। तर, ख्रीष्टान धर्ममा हामीसित साँचो ऐतिहासिक तथ्यहरू छन् जसलाई येशू अनि उहाँको जीवनमा घटेका घटनाहरूका प्रत्यक्षदर्शीहरूले लेखेका छन्।

यसले यो प्रश्नको उत्तर दिन्छ  कि बौद्ध धर्मका उपदेशहरू किन भिन्ना-भिन्नै छन्-कसको कुरा सुन्ने त्यसको कुनै ठोस आधार छैन, अनि यसैले गर्दा एउटै उपदेशका अर्थहरूमा ठूलो भिन्नता पाइन्छ। सबैको मूल जिम्मेवार व्यक्तिको अभावमा बौद्ध धर्म समयसितै यसको मूल जरो हिन्दू धर्मबाट पनि टाढ़िदै गयो। यही कारणले गर्दा बौद्ध धर्ममा विश्वाससम्बन्धी मतहरूमा व्यापक पार्थक्य देखिएको हो। इतिहासमा हामी बौद्ध धर्म दुइ भागहरूमा बाड़िएको पाउँछौं। ती हुन्-हिनायाना अनि महायाना। बुद्धद्वारा प्रतिपादित हिनायाना अनीश्वरवादी धर्म हो, जहाँ परमेश्वर छैन, जबकि महायानाको उद्‌भव एक दिव्य मुक्तिदाताको अवधारणाद्वारा भएको छ।

बौद्ध धर्मग्रन्थहरू यति विशाल आकारका छन् कि त्यसलाई कुनै पनि साधारण बौद्ध धर्मावलम्बीले राम्ररी अध्ययन गर्नसक्दैन। प्रारम्भमा यी धर्मग्रन्थहरू तीन वर्गहरूमा विभाजित गरिएका थिए: विनय-पिताका, सुत्त-पिताका अनि अभिधम्म-पिताका। अनि फेरि पछि, गौतम बुद्धको मृत्यु पश्चात् पनि, नयाँ लेखहरूलाई स्थान दिनको निम्ति यो वर्ग-विभाजनमा संशोधन गर्नुपऱ्यो। यी सब धर्मानुसार छन् वा छैनन्, त्यस विषयमा बौद्ध धर्ममा आज पनि निकै मतभेदहरू देखापरेका छन्। भन्नको तात्पर्य, बौद्ध धर्ममा कुनै एक निश्चित् मतको कुनै आधार छैन। तिब्बती धर्मग्रन्थहरूका संकलनकर्त्ताहरूले भारतीय बौद्धहरूका लेखहरूका अनुवादहरूलाई पनि त्यसमा समावेश गरे जबकि भारतीय बौद्ध धर्मको माप-दण्ड अनुसार ती धर्मोपदेश अनुरूप छैन। चीनका बौद्ध धर्मावलम्बीहरूले आफ्नो धर्मग्रन्थमा समावेश गरिने सामग्रीहरूको छनौट गर्दा त्यो परम्परा अपनाए जो अन्य बौद्ध परम्पराहरू भन्दा सर्वथा भिन्न छ; अनि यो छनौटको मापदण्डहरूमा पनि समयसितै परिवर्तन हुँदै आयो। यसो हुँदा, कुनै एक शताब्दीमा सही ठानिएको धर्मग्रन्थ अर्को शताब्दीमा सही ठानिएन। कुन कुन लेखहरू धार्मिक आदेशहरूद्वारा प्रयुक्त छन् अनि कुन चाहीँ छैनन्, सो विषय बहस गर्न तथा निर्णय लिन विविध परिषदहरूको गठन पनि गरियो। *''यी परिषदहरूका बयानहरूमा जनाइएका दाबीहरूप्रति आधुनिक विद्वानहरूद्वारा गरिएका अनुसन्धानले ठूलो प्रश्नचिन्ह लगाएको छ। परिषदमा रहेका भिक्षुहरूसित बुद्धका सबै धर्मोपदेशहरू उपलब्ध थिए भन्ने कुरोमाथि विश्वास गर्न निकै गाह्रो छ। यी पाठ्यग्रन्थहरूमै ती शिष्यहरूको उल्लेख छ जसले धर्मोपदेशहरूलाई अनुमोदन गर्न अस्वीकार गरे ... उनीहरू धर्मोपदेशको त्यही स्वरूप चाहन्थे जो त्यतिबेला उनीहरूले कण्ठस्थ गरेका थिए''*[1]। धर्मोपदेशहरूको 'सही' संकलन कुन परिस्थितिहरूमा भयो त्यस बारे पनि केही ज्ञात छैन। ख्रीष्टान धर्मको प्रारम्भिक कालमा बुद्धका सुत्तहरूमा नयाँ सामग्रीहरू थपिन थालिएको थियो। यी सामग्रीहरू थप्नेहरूले पनि आफूलाई बुद्ध झैं ठान्थे जबकि उहाँको मृत्यु शताब्दीऔं अघि भइसकेको थियो। उनीहरूले थपेका उपदेशहरू पहिलेका उपदेशहरूभन्दा सर्वथा भिन्न थियो। यी सबै कुराहरूमाथि विचार गर्दा कुन तथ्य प्रकट हुन्छ भने बौद्ध धर्ममा कुनै निश्चित् मत छैन। बौद्ध धर्मोपदेशको ऐतिहासिक विश्लेषणद्वारा कुन कुरो स्पष्ट हुन्छ भने नयाँ नयाँ लेखहरू यसमा थपिदै गयो अनि यो जारी रह्यो। लगभग

प्रथम शताब्दीदेखि यता बौद्ध धर्मग्रन्थहरूमा ठूलो वृद्धि भयो अनि थप सामग्रीहरू सबै बुद्धका मौलिक उपदेशहरू हुन् भन्ने दाबी जनाइयो जबकि यी उपदेशहरू परस्पर अलिकता पनि मेल खाँदैनन्।[2]

एक साधारण व्यक्तिले सत्यको अन्वेषण गर्नका लागि केही पढ्न वा बुझ्न चाहेको खण्डमा बौद्ध धर्ममा, सहजै उपलब्ध, एउटै पठन सामग्री पनि छैन। नि:सन्देह, शुरू शुरूमा यी धर्मग्रन्थहरूका चुनिएका केवल केही विषयहरूलाई पढ्न भने दिइन्थ्यो। यसले कैथोलिक गिर्जाले मानिसहरूलाई बाइबल पढ्न नदिएको तथा यसलाई उनीहरूको आफ्नो भाषामा होइन, तर ल्याटिन भाषामै राख्नमा प्राथमिकता दिएको कुरोको स्मरण गराउँछ। यसकारण यदि ख्रीष्टान अनि बौद्ध धर्मको त्यस धर्मविमुखताको कुरो गर्नु हो भने त्यहाँ अन्य सबै मिथ्या धर्महरूमा झैं समानता पाइन्छ। धर्मका अगुवाहरूले आफूलाई शक्तिशाली बनाउन त्यसो गर्थे। बौद्ध भिक्षु होस् वा कैथोलिक पादरी–सबैको कथा एउटै छ। बौद्ध गुरू (तिब्बतीमा–लामा)–ले त्यो देउता चुन्छन् जोसित धर्म मान्ने व्यक्ति सम्बन्धित छ। मानव अनि कुनै एक परमेश्वरमाझ कुनै व्यक्तिगत सम्बन्ध हुँदैन, उहाँले सबैलाई आफ्नै प्रतिबिम्बको रूपमा बनाएका हुन् यसैले उहाँको सबैसित सम्बन्ध रहेको हुन्छ। नयाँ नियमले के बताउछ भने ख्रीष्टान धर्म मान्ने सबैजना पूजाहारी हुन् (1–पत्रुस2:5)। हामीहरू सबैले परमेश्वरको वचनको अध्ययन तथा पालन गर्नुपर्छ अनि यसलाई सिकाउनु पर्छ। स्वयं बुद्धले साधारण मानिसहरूलाई आफ्ना उपदेशहरूको सीमित अंश मात्रै दिनुभयो। प्रभु येशूले आफ्ना सत्यहरूलाई मानिसहरूको जमघटमा यस्तो सरल भाषामा बताउनुभयो जसद्वारा अनपढ़ अनि विद्वान सबै लाभान्वित् भए। बौद्ध धर्मग्रन्थहरूका मन्त्रोच्चारण दुर्भाग्यलाई टार्नको निम्ति गरिन्छ, यसको स्पर्श राम्रो भाग्यलाई ल्याउनको निम्ति गरिन्छ, पवित्र बनाउनलाई यी धर्मग्रन्थहरूलाई गुम्बाहरूमा राखिन्छ ... यी ग्रन्थहरूको पूजा गरिन्छ, तर यसको अध्ययन गरिँदैन। तर बाइबल यसको सर्वथा भिन्न छ। त्यहाँ हामीसित एक व्यक्तिगत, जीवन्त प्रभुका वचनहरू छन्, जसद्वारा उहाँ हामीसमक्ष पुग्नुहुन्छ। अनि परमेश्वरको पुत्रमा हामी यो वचन देह भएको, सबै सिद्धान्तहरू व्यवहारिक रूपमा पालन गरिएको देख्छौं (यूहन्ना 1:14)। यसैले हाम्रो प्रतिनिधि येशूको नाउँमा गरिएका

प्रार्थनाहरूद्वारा हामी परमेश्वरको वचनप्रति आफ्नो श्रद्धा देखउनसक्छौं। परमेश्वरको वचन एक जीवन्त वचन हो जसको मानिसको प्राण अनि आत्मालाई छेंड्ने क्षमता हुन्छ (हिब्रू 4:12–14 आर भी)। हो, यो श्वेत पातामा कालो अक्षर हो, तर यो यसभन्दा कहीँ अधिक जीवित र प्रबल छ। यसले जीवन्त प्रभुका उद्देश्य अनि इच्छाहरूको बारेमा बताउँछ, यसैले यी वचनहरू जीवित छन्।

बौद्ध धर्मले कर्मलाई नै सबै थोक मान्छ। कसैले आफ्ना सन्तान अनि साथीहरूलाई उपहार दिनसक्छ (अनि आश्चर्य के छ भने बौद्ध पूजाहारीहरूको आयको साधन यी उपहारहरू नै हुन्), यसैले अर्को जन्ममा उनीहरूको भाग्यको निर्धारण गर्छ। तर, यसको आधार के छ? यस कुरोलाई किन विश्वास गर्नु? यो एक प्रभावकारी विचार हो, तर यसको प्रमाण खोइ कहाँ छ? यस्तो एउटै पनि प्रमाण छैन। धर्मग्रन्थमा यसलाई न्यायसंगत ठहराउने एउटै लेख पनि छैन। बौद्ध धर्म अनुसार, दिव्य पुनर्जन्मका 26 रूपहरू छन्, अनि तल्लो लोकमा जीवनको अवधि 90 लाख मानव वर्ष बराबर हुन्छ, माथिल्लो लोकमा 84,000 योनीहरू हुन्छन् ... ठीक छ, तर 1 करोड् वर्ष किन होइन? पुनर्जन्मका 27 रूपहरू किन होइनन्, आदि? कसरी कसैले यी कुराहरूलाई *'सत्य'* मान्नसक्छ जबकि यी कथनहरू त्यस व्यक्तिको मानिन्छ जो लगभग 2,500 वर्ष अघि यस पृथ्वीमा थिए, जसका शब्दहरू मौखिक रूपमा एकदेखि अर्को व्यक्तिसम्म आए, जसको कुनै लिखित प्रमाण छैन अनि वास्तवमा के भनिएको थियो त्यसबारे बहस चलिरहेको छ? के कसैले यस्ता अस्पष्ट विचारहरूलाई आत्मसात गर्दै आफ्नो जीवन जीउनसक्छ?

बाइबल, यसको विपरीत ...
साधारणतः बौद्ध धर्मावलम्बीहरू के ठान्छन् भने उनीहरूको धर्मग्रन्थ सही छ अनि बाइबल गलत; तर यो त अग्रकल्पना मात्रै हो, यसलाई सही ठहराउन प्रमाणहरूको खाँचो पर्छ। पुरानो नियमका भविष्यवाणीहरू येशूको सन्दर्भमा यति सही प्रमाणित भयो कि यसलाई केवल संयोग मात्रै मान्न सकिँदैन। यहूदीहरूले बाइबलमा परिवर्तन ल्याए भन्ने कुरोलाई सत्य मान्न सकिँदैन किनभने पुरानो अनि नयाँ नियमहरू दुवै यहूदीहरूको आलोचनाले

भरिएको छ। दुवै नियमहरूका मूल पाठहरू यहूदी अनि ख्रीष्टान, दुवै समुदायहरूसित थियो, यसैले यदि मूल पाठमा केही परिवर्तन गरिएको भए यसमा यी दुवैको सहमति आवश्यक थियो। येशूभन्दा 200 वर्ष अघि हिब्रू पुरानो नियमको ग्रीक अनुवाद सेप्टूअजिन्टको रूपमा विद्यमान थियो अनि यदि ख्रीष्टान धर्मका आलोचकहरूको ख्रीष्टानहरूले पुरानो नियममा परिवर्तन गरेका छन् भन्ने कथन मान्नु हो भने त यो पनि मान्नुपर्‍यो कि हिब्रूको मूलपाठसितै यसको ग्रीक अनुवादमा पनि परिवर्तन गरियो। बाइबलको आलोचना गर्नेहरूले बाइबलको मूल पाठमा भएको परिवर्तनको कुरा त गर्छन् तर यस्तो भएको तारीख, स्थान वा नाउँहरू भने बताउन सक्दैनन्। बाइबल गलत छ किनभने यसले बौद्ध धर्मोपदेशहरूलाई गलत ठहराउँछ भन्ने उनीहरूको पूर्वधारणालाई सही साबित गर्न विविध कल्पना र दाबीहरू प्रस्तुत गरिन्छन् जो अलिकता पनि प्रमाणिक हुँदैनन्। ख्रीष्ट पूर्व दोस्रो शताब्दीका पुरानो नियमका पाण्डुलिपिहरू हेर्दा यो कुरा ज्ञात हुन्छ कि पीढ़ीपछि पीढ़ी यसको नकल भएर पनि मूल पाठ जस्ताको तस्तै छ। पछिका पाण्डुलिपिसित यसले पूर्णतया मेल खान्छ। ख्रीष्टाब्द चौथो शताब्दीमा चर्मपत्रमा लेखिएको प्राचीन पाण्डुलिपि अलेक्जाण्ड्रीनस्मा सम्पूर्ण सेप्टूअजिन्ट साथै नयाँ नियम विद्यमान छ; नयाँ नियम भएको अर्को प्राचीन पाण्डुलिपि सिनियाटिकस् कम्तीमा पनि तेस्रो शताब्दीमा लेखिएको थियो। अर्को प्राचीन पाण्डुलिपि भेटिकानस् चौथो शताब्दीमा लेखिएको थियो। यी सब भिन्ना-भिन्नै कालमा लेखिएका भएता पनि यी तीनै भिन्न पाण्डुलिपिहरू आपस्तमा मेल खान्छन्। प्रथम दुइ पाण्डुलिपिहरू लण्डनको ब्रिटिश संग्रहालयमा राखिएका छन् अनि तेस्रो भेटिकनमा राखिएको छ। यसकारण, यी 17 शताब्दीहरूमा नयाँ नियमको मूल पाठमा केही परिवर्तन गरिएको छ भनेर कसैगरी पनि भन्न सकिँदैन। यसर्थ, समयको प्रवाहसितै पाण्डुलिपिमा परिवर्तन आउनु अवश्यम्भावी छ भनेर तर्क गर्नसकिँदैन। त्यसो त, बौद्ध धर्मग्रन्थहरूमा पनि परिवर्तन भएको छ भन्ने तर्क दिनसकिन्छ। विश्लेषणको निम्ति नयाँ नियमका कम्तीमा पनि 24,000 प्राचीन पाण्डुलिपिहरू उपलब्ध छन्-जो समग्र बौद्ध धर्मग्रन्थहरूभन्दा पनि अधिक हो। यस सन्दर्भमा, अर्को सबैभन्दा चर्चित पुस्तक हो, होमरको 'इलियाड', जसको केवल 643 पाण्डुलिपिहरू मात्रै छन्। अनि ख्रीष्टाब्द 120 को यूहन्नाको तथा ख्रीष्टाब्द 65 को मत्तीको मौलिक अपूर्ण अंशहरू पनि उपलब्ध छन्।

पाण्डुलिपिमा प्राप्त कतिपय पृथक पाठहरूले कुनैप्रकारले पनि मूल पाठमाथि प्रभाव पार्दैन। अनि यस्ता कुनै पनि पृथक पाठले नयाँ नियममा लेखिएका कुनै पनि कुरोको विरोध गर्दैन। बौद्ध धर्मग्रन्थहरूको सन्दर्भमा त यस्ता पृथक पाठहरू बग्रेल्तै छन्-किनभने *''बुद्धको मृत्युको लगभग 300 वर्षसम्म मूल पाठहरू मौखिक रूपमा नै एकदेखि अर्को व्यक्तिसम्म आयो''* [3] । बुद्धले के भन्नुभयो, सो धेरै मानिसहरूले लेखेका छन्, यसका अर्थ निकालेका छन्, अनि बौद्ध धर्मोपदेश अनुरूप के छन् र के छैनन्, त्यसको बारेमा ठूलो बहस आज पर्यन्त चलिरहेको छ। अहिले उपलब्ध सबैभन्दा पुरानो मौलिक बौद्ध धर्मग्रन्थ केवल ख्रीष्टाब्द छैठौं शताब्दीको हो। बाइबलको मूल पाठको सन्दर्भमा हेर्नु हो भने यसलाई ठीक विपरीत मान्नसकिन्छ। यसकारण बौद्ध धर्मग्रन्थहरूको बारेमा प्रत्येक व्यक्तिको मनमा यो प्रश्न उठिरहन्छ कि के हामीसित मौलिक मूल पाठ छ वा के यसमा कहीँ परिवर्तन त गरिएको छैन। अनि यो प्रश्नले प्रत्येक बौद्धिक रूपमा इमान्दार बौद्ध धर्मावलम्बीहरूलाई कष्ट पुऱ्याउनु पर्ने हो।

टिप्पणीहरू:

(1) उलरिक पेजल, *''द सेकरेड राइटिङस् ऑफ बुद्धिज्म इन पीटर हार्भे, बुद्धिज्म, पृष्ठ 32 (लण्डन: कन्टिनूम्, 2001) ''*

(2) यी वक्तव्यहरूको प्रमाणको निम्ति हेर्नुहवस्: ई कोन्जे, बुद्धिष्ठ स्क्रिपचर्स (हार्मोण्डस्वर्थ: पेन्गुइन्, 1959) अनि कोन्जे ई, हर्नर आइ बी, स्नेलग्रुभ डी र वाले ए, बुद्धिष्ठ टेक्स्ट्स थ्रू द एजेस् (न्यू योर्क: हार्पर एण्ड रो, 1954)

(3) पीटर हार्भे, बुद्धिज्म, पृष्ठ 51 (लण्डन कन्टिन्म, 2001)

## 3.2 सत्यसम्बन्धी अवधारणा

बौद्ध धर्मका एकजना पक्षधरले लेखेका छन्: ''ख्रीष्टान धर्म एकाधीनतावादी तथा निरंकुश छ-- ''तपाईंले यो विश्वास गर्नैपर्छ नत्र भने तपाईंलाई दण्ड दिइनेछ'' -- यसको विपरीत बौद्ध धर्म धेरै उदार छ अनि यसले मानिसहरूलाई धेर-थोर त्यही विश्वास गर्ने अनुमति दिन्छ जो उनीहरू विश्वास गर्न चाहन्छन्। ख्रीष्टानहरूले कतिपय उपदेशहरूलाई धर्मविरोधी, अमंगल र हानिकारक ठान्छन्, तर साधारण तवरमा भन्नु हो भने बौद्ध धर्मले यस कुरोमाथि

जोर दिन्छ कि कुनै पनि व्यक्तिले आफ्नो इच्छा अनुसार कुनै पनि कुरोमाथि विश्वास गर्नसक्छ अनि आध्यात्मिक दृष्टिकोण भएको साथै व्यक्तिको अधिकारहरूप्रति सम्मान जनाउने कुनै पनि विचारमाथि विश्वास गर्नु राम्रो कुरो हो। शर्त यो छ कि यसले अरूहरूको अनिष्ट नगरोस्''।

कसैले केहीमाथि पनि विश्वास गर्नसक्छ भन्ने यो दृष्टिकोण वास्तवमा कुनै कुरोमाथि विश्वास गर्ने कुनै ठोस आधार बौद्ध धर्ममा नभएको परिणाम हो। कुनै व्यक्तिको मनमा यो प्रश्न सहजै उठनसक्छ कि ''जे मनपर्‍यो त्यही'' विश्वास गर्ने यस प्रक्रियामा के फासिस्टवाद अनि शैतानवाद पनि सामेल छ ... फेरि यस्तो पनि प्रतीत हुन्छ कि जे भनिएको छ त्यसका प्रभावहरूमाथि राम्ररी ध्यान दिइएको छैन। यदि त्यहाँ सही र गलत छ भने त्यसको साथ–साथै सत्य र असत्य बारे प्रश्न उठ्नु अवश्यम्भावी छ अनि यस बारे फैसला गर्ने एकजना हुनु अनिवार्य छ। बौद्ध धर्ममा जुन विभिन्न मतहरू छन् त्यसले यो कुरो छर्लङ्ग पार्छ कि यस धर्ममा परम सत्यको कुनै आधार छैन। बौद्ध धर्मका विभिन्न रूपहरू बारे विचार गर्नुहवस्: जेन, थेरावड़ा;सोक–गक्कइ; तिब्बती बौद्ध धर्म; प्योर ल्याण्ड बौद्ध धर्म आदि।

ख्रीष्टान धर्ममा कुनै व्यक्तिले आफ्नो उद्धारको एक, केवल एक अवसर प्राप्त गर्छ भनेर बताइएको छ, तर बौद्धधर्मको पुनर्जन्मको सिद्धान्त अनुसार, व्यक्तिले निर्वाण प्राप्त गर्ने असंख्य अवसरहरू पाउँछ। यसको अर्थ यो पनि हुन्छ कि अन्ततगोत्वा सबैजनाले मुक्ति पाउनेछन्। येशूलाई परमेश्वरेको पुत्र स्वीकार गर्ने वा नगर्ने कुरामा संलग्न मामिलाहरूको निरपेक्षताले मानव जीवनलाई साहस र शक्ति प्रदान गर्छ। बौद्ध धर्मले के सिकाउँछ भने सबै थोक समयको खेल हो; हामीहरूले जनावर वा दुष्ट व्यक्तिको रूपमा जन्म लिनसक्छौं तर अन्तमा समयको चक्रले हामीहरूलाई निर्वाण प्रदान गर्छ। यसको अर्थ के हुन्छ भने एडल्फ हिटलर जस्ता दुष्ट व्यक्तिको पनि अन्ततः 'निर्वाण' हुन्छ; आफ्नो क्रिया–कलापहरूको निम्ति उसको कुनै जिम्मेवारी हुँदैन किनभने हामी त केवल पुनर्जन्म लिएका जीवहरू मात्रै हौं। बाइबल अनि येशूका धर्मोपदेशहरूले मानव जीवनमा व्यवहारिक रूपमा आमूल

परिवर्तन ल्याउँछन्। हामी अहिले कस्तो जीवन यापन गर्छौं त्यसको सम्बन्ध हाम्रो बारेमा कस्तो फैसला गरिन्छ, त्योसित हुन्छ। हामीले अहिले जे रोप्छौं, त्यसैको कटनी फैसलाको दिनमा गर्नेछौं (गलाती 6:8)। परमेश्वरका रीतिहरू बारे जो अवगत छन् अनि जो उहाँप्रति जिम्मेवार छ, उसले जे पनि गर्छ त्यसको बारेमा कुनै न कुनै रूपमा फैसला गरिनेछ। यसले गर्दा हामीहरूले आफ्ना स्वभावहरूप्रति दृष्टि राख्न अनिवार्य ठहर्दछ। हामीहरूले कस्तो जीवन यापन गर्छौं, सो अत्यधिक महत्वपूर्ण छ। त्यहाँ दोस्रो मौका छँदै छैन। उद्धारको दिन अहिले छ (2 कोरिन्थी 6:2); यदि आज हामीहरूले परमेश्वरको शब्द सुन्यौं अनि हाम्रो हृदयलाई कठोर पारेनौं (हिब्रू 3:7-15), भने हामी आफ्नो ''मुक्तिको काम पूरा'' गर्नसक्छौं (फिलिप्पी 2:12)। यदि हामी केवल एक चक्रमा घुमिरहेका छौं, अनि अन्ततः निर्वाण प्राप्त गर्ने नै छौं भने त अहिले आफ्नो जीवन सुधार्ने कुनै कारण देखिँदैन। जहाँसम्म आध्यात्मिक आचरणको प्रश्न छ, हाम्रो प्रवृत्ति सदैव निम्न स्तरमा जाने हुन्छ; हामी थोरैमा सन्तुष्ट हुने तथा न्यूनतमवादी हौं। मानव स्वभाव बारे बाइबलको दृष्टिकोण अनि मानवको अनुभव, यी दुवै यी निष्कर्षहरूमा पुग्छन्; तर पनि बौद्ध धर्मले यसलाई अस्वीकार गर्छ।

मलाई त बौद्ध धर्म एक ''अभिकल्पनायुक्त धर्म'' लाग्छ-तपाईंलाई जे मन लाग्छ त्यसैमाथि विश्वास गर्नसक्नुहुन्छ, अनि बौद्ध धर्मका उपदेशहरूको विशाल परिमाणबाट आफ्नो सुविस्ता अनुरूप उपदेश झिक्नसक्नु हुन्छ। बौद्ध धर्म अनुसार भिन्ना-भिन्नै जीवहरूको निम्ति भिन्न-भिन्नै उपदेश अनि मार्गदर्शन उपयुक्त हुन्छ किनभने हामी सबै विकासका अनन्त चक्रको भिन्ना-भिन्नै चरणहरूमा छौं। यसको अर्थ यही नै हुन्छ कि त्यहाँ प्रकट भएको सत्य जस्तो कुनै वस्तु छैन। हामी अनिश्चितताको स्थितिमा भौँतारिरहेका छौं। येशूले सिकाउनुभयो, परमेश्वरको वचन सत्य हो (यूहन्ना 17:17)। बाइबल नै सत्य हो भन्ने दाबीमा अपराध देख्नेहरू सबै यो सुनेर झस्किन्छन्। म केवल यही सुझाउ दिन्छु कि तपाईंहरूले आफ्नैलागि बाइबल राम्ररी पढ्नुहवस्। के अनुभव गरिएको छ भने ''नैतिक विषयहरूसम्बन्धी प्रत्यक्ष रूपमा दिइएका उपदेशहरूमा पनि संशोधन हुनसक्छ, कोहीबेला यसलाई झन प्रबल बनाउनसकिन्छ अनि कोहीबेला यस बारे बताउँदा वा यसको प्रसार गर्दा यसमा केही छूट पनि दिइन्छ''[1]। यसको अर्थ हो, त्यहाँ सत्यसम्बन्धी कुनै अवधारणा छैन,

यसकारण सही र गलतको कुनै सोच छैन, अनि पापसम्बन्धी कुनै अवधारणा छैन। मासु खाने तथा हिंसाको सम्बन्धमा समय र भूगोलसितै बौद्ध धर्मका दृष्टिकोणहरूमा पाइएका भिन्नता, त्यस धर्ममा विद्यमान बौद्धिक र नैतिक संकटको परिचायक हो। पाली धर्मसूत्र अनुसार, स्वयं बुद्धले आफ्नो मृत्युअघि मासु खानुभएको थियो, तर उहाँका पछिका शिष्यहरूले उहाँका पुनर्जन्मका सूत्रहरूको के अर्थ लगाए भने कुनै जनावरको मासु खानु मानिसको ज्यान लिनुसरह हो, अनि यसरी मासु खानु मनाही गरियो। अब प्रश्न उठ्छ, नैतिकतासम्बन्धी मानकहरूमा संशोधन गर्ने कसको अधिकार छ? यदि त्यहाँ त्यसप्रकारको कुनै धर्मशास्त्र छैन भने, यसप्रकारका निर्णयहरूको आधार केवल भिक्षुहरू मात्रै हुनसक्छन्। बौद्धधर्ममा नैतिकतासम्बन्धी देखापरेको यो मतभेद ख्रीष्टानहरूको सर्वसम्मत विश्वव्यापी मानक ''ख्रीष्टको व्यवस्था''–को सर्वथा विपरीत छ (1–कोरिन्थी 9:21???) यसबाट म यही बुझ्छु कि हामीहरूले निरन्तर, अथक रूपमा बढ़ो इमान्दारीका साथ यो प्रश्न सोध्नपर्छः मैले आफ्नो जीवनमा सामना गर्नपरेको यो वा त्यो स्थितिको बारेमा येशूले के गर्नु, भन्नु वा अनुभव गर्नुहुन्थ्यो? किनभने उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्थ्यो अनि हुनुहुन्छ, तथा उहाँको जीवन र उहाँले भोग्नुभएको कष्ट, अनि उहाँको मानव स्वभाव भएको यथार्थ, यी सबैले हामीहरूलाई विश्वासपूर्वक के बताउँछन् भने समग्रतामा उहाँ हामी जस्तै नै हुनुहुन्थ्यो। साँचो ख्रीष्टानहरूमध्ये देखापरेको अत्यधिक एकता, यसैले गर्दा नै सम्भव भएको हो। उहाँ केवल उपदेशक मात्रै हुनुहँदैन थियो, बुद्ध झैं उहाँ विचार शक्ति भएको मानव हुनुहुन्थ्यो। उहाँ देहमा परिवर्तित भएको वचन हुनुहुन्थ्यो (युहन्ना 1:14), उहाँको जीवन, उहाँ र उहाँका परमपिताद्वारा दिइएका सबै उपदेशहरूको सुस्पष्ट प्रतीक थियो अनि छ।

टिप्पणीहरू

(1) स्टीवार्ट म्याकफार्लेन, मेकिङ मोरल डिसिशन्स् इन पीटर हार्भे, बुद्धिज्म, पृष्ठ 183 (लण्डनः कण्टिनम्, 2001)

## 3.3 बुद्ध बनाम येशू

आफ्नो पिताको सिंहासनको उत्तराधिकारी, एक राजकुमारको रूपमा बुद्धको जन्म भएको थियो। भविष्यवक्ताहरूले उहाँको पितालाई भनेका थिए कि उहाँ एक असाधारण बालक हुनुहुन्छ, वा त उहाँले समग्र भारतलाई एक अधिराज्य अंतर्गत ल्याउनुहुनेछ, वा, यदि उहाँले संसारबाट वैराग्य लिनुभयो भने उहाँ संसारको मुक्तिदाता बन्नहुनेछ। यसले गर्दा बालकलाई संसारका सबैप्रकारका दुःख र कष्टबाट टाढ़ा राखेर, यसको केही आभास हुन नदिई हुर्काइयो। संसारका सबै सुख–सुविधाहरू बालकलाई दिइयो। रोग, वृद्धावस्था अनि मृत्यु आदिको जानकारी समेत्‌बाट बालकलाई टाढ़ा राखियो। प्रभु येशूको जीवनसित यो अलिकता पनि मेल खाँदैन। उहाँ जनावरहरूको अस्तबलमा जन्मिनुभएको थियो। जन्मको समयमा उहाँका माता–पिताले उहाँलाई गरीब मानिसहरूको भेटी टकराउनु भएको थियो। उहाँ एक श्रमजीवी, एक सिकर्मी हुनुहुन्थ्यो, अनि उहाँले अपमानजनक ढंगमा, घोर यातना सहदै, क्रूसमा झुण्डिएर एक अपराधीको मृत्यु वरण गर्नुभयो। यो यस्तो मृत्यु थियो जो कमारा अनि समाजका निम्न वर्गहरूको निम्ति मात्रै उपयुक्त ठानिन्थ्यो। यद्यपि, उहाँ यसरी होच्याइनु भएकोले गर्दा नै उहाँ अति उच्च हुनुभयो (फिलिप्पी 2:5–11) । किनभने उहाँ हाम्रै रूप अनि स्वभावको हुनुहुन्थ्यो, यसकारण उहाँ हाम्रो मानव अनुभवहरू बारे पूर्णतया अवगत हुनुहुन्थ्यो, अनि यसको आधारमा हामीले परमेश्वरलाई विश्वासपूर्वक क्षमा माग्नसक्छौं (हिब्रू4:15,16)। येशू धनी भएर पनि हाम्रो खातिर दरिद्र हुनुभयो जसमा कि हामी उहाँको दरिद्रताबाट धनी हुनसकौं (2–कोरिन्थी 8:9)।

बुद्धलाई केवल यही दृष्टिले मात्रै 'मुक्तिदाता' मान्नसकिन्छ कि उहाँले आफू स्वयंले देखाएको अनि हिंड़ेको मार्गलाई अन्तसम्मै, वास्तवमा नै, अनुसरण गरेर मानिसले स्वयंको उद्धार गर्नसक्छ भन्ने बाटो देखाउनुभएको छ। बाइबल अनुसार, धर्मी कोही छैन, एउटै पनि छैन (रोमी 3:10)। सबैलाई "पापको अधीन थुनेर" राखिएको छ (रोमी 3:22) (गलाती 3:22)। यसकारण मानिसले स्वयं आफ्नो उद्धार गर्नसक्दैन। रोमी 7:15–25 मा पावलको मनोवेग बारे विचार गर्नुहवस् "*किनकि जो म गर्छु त्यो म जान्दिनँ, किनभने गर्न मन लागेको काम म गर्दिनँ, तर जो म घृणा गर्छु, त्यही म गर्छु। तर गर्न मन नलागेको म गर्दछु भने, यो ठीक छ भनी म व्यवस्थासँग सहमत हुन्छु। यसैले अब ता त्यो गर्ने फेरि म होइन*

*रहेछु, तर ममा बास गर्ने पाप रहेछ। किनकि मलाई थाहा छ, कि ममा, अर्थात् मेरो शरीरमा केही असल कुराले बास गर्दैन, किनभने इच्छा गर्ने चाहिँ मसित हाजिरै छ, तर असल काम गर्ने भने छैन। किनभने असल काम जो म गर्नचाहन्छु, त्यो म गर्दिन, तर खराब काम जो म गर्नचाहन्न, त्यही म गर्नेगर्छु। तर जो म इच्छा गर्दिनँ, त्यही गर्छु भने, त्यो गर्ने अब म होइनँ, तर मभित्र बास गर्ने पाप हो। तब ता असल गर्न इच्छा मलाई हुँदाहुँदै पनि खराबी मसित हाजिरै हुँदो रहेछ भन्ने नियम म पता लाउँछु। किनकि म मेरो अन्तस्करणले परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरो बुद्धिको व्यवस्था विरूद्धमा लड़ाइँ गर्ने र मेरा इन्द्रियहरूमा रहेको पापको अधीनमा भएको व्यवस्थाको बन्धनमा मलाई ल्याउने, मेरा इन्द्रियहरूमा भिन्नै व्यवस्था म देख्छु। हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले बचाउला? येशू ख्रीष्ट, हाम्रा प्रभुद्वारा परमेश्वरमा धन्यवाद होस्। यसैले ता बुद्धिले म आफै परमेश्वरको व्यवस्थाको सेवा गर्दछु, तर शरीरले चाहिँ पापको व्यवस्थाको सेवा म गर्दछु।''*

यी शब्दहरूमा तपाईंले, निश्चित् रूपमा, आफ्नै प्रतिध्वनि सुनिरहनु भएको छैन र? हृदयको यो वेदनाको जुवाफ येशू ख्रीष्टमा छ–आफैलाई उद्धार गर्ने मानवसित होइन। 'येशू' –को अर्थ नै मुक्तिदाता हो। बुद्ध वा येशू हाम्रा मुक्तिदाता हुन्। कतिपय बौद्ध धर्म मान्नेहरूले के दाबी गर्छन् भने ख्रीष्टान धर्म, बौद्ध धर्मसरह नै छ। तर स्पष्टतः त्यस्तो केही छैन। बुद्ध अहिले कहाँ हुनुहुन्छ? के उहाँको उद्धार भइसकेको छ? उहाँको निम्ति मुक्तिको के अर्थ थियो? उहाँले मृत्युमाथि विजय पाउनुभयो भन्ने के कुनै प्रमाण छ? पापले मृत्यु बोलाउँछ भनेर जानेपछि, बुद्धले पाप अनि मृत्युमाथि कसरी विजय प्राप्त गर्नुभयो? के बुद्धले कहिल्यै पाप गर्नुभयो? बौद्ध धर्म मान्नेहरू यी प्रश्नहरूसित सदैव डराइरहेका हुन्छन् किनभने पापसम्बन्धी जुन धारणा छ त्यसको वास्तविक अर्थको सामना गर्न उनीहरू चाहँदैनन् अनि बौद्ध धर्ममा यसको सम्बन्धमा कुनै उल्लेख छैन।

सत्कर्मलाई पुण्य अर्थात् पवित्र बनाउने शक्ति भएको मानिन्छ। तर यो त विदितै छ कि स्वयंलाई पवित्र पार्ने क्षमता हामीहरूसित छैन। हामीलाई पवित्र बनाउन आवश्यकता छ

येशूको रगतको (1-यूहन्ना 1:7)। उहाँले, हाम्रो प्रतिनिधिको रूपमा एक मानवमा हुने सबै दु:ख र भोक-तिर्खा लिएर पनि कहिल्यै पाप गर्नुभएन, अनि उहाँलाई अनन्त जीवनको प्राप्तिको निम्ति बौरी उठाइयो। अनि उहाँको यस मुक्तिको सम्भागी बन्ने आशा हामीसित छ। आफ्नो मृत्युद्वारा हामीहरूलाई शुद्ध बनाएपछि उहाँले अब के अनुभव गर्नुहुन्छ भने उहाँको लागि परमेश्वरले हाम्रा पापहरू क्षमा गरिदिनुहुन्छ।

## 3.4 परमेश्वरको प्रकृति

बुद्धले कुनै व्यक्तिगत परमेश्वरको अस्तित्वलाई नकार्नुभएको थियो तर सबै प्राणीहरूद्वारा बनिएको कुनै अव्यक्तिक शक्तिको रूपमा कुनै परम सत्तालाई भने उहाँ स्वीकार्नु हुन्थ्यो। उहाँको अद्वैतवादी दृष्टिकोण थियो। बाइबलले हामीलाई ब्रह्माण्डमाथि शासन गर्नुहुने परमेश्वरको बारेमा बताउँछ जसले मानिसको व्यक्तिगत रूपले हेरचाह गर्नुहुन्छ। भजनसंग्रह 46:10 भन्दछ: ‘‘मौन बस, र परमेश्वर मै हुँ भनी थाहा पाओ। जाति जातिमा मेरो महत्व हुनेछ, र पृथ्वीमा मेरो महत्व हुनेछ’’।

बुद्धले गर्नुभएको दाबी अनुसार उहाँ निर्वाणको मार्ग देखाउने हुनुहुन्छ, यस्तो मार्ग जसले व्यक्तिलाई भविष्यमा परमानन्दको स्थितिमा पुऱ्याउँछ। येशूले गर्नुभएको दाबी अनुसार उहाँ परमेश्वरसम्म पुग्ने बाटो हुनुहुन्छ (यूहन्ना 14:6)। यी दुइ कुराहरूमाझ सूक्ष्म भिन्नता छ। येशूले एक व्यक्तिगत, सर्वशक्तिमान परमेश्वरसित हाम्रो जीवन्त सम्बन्धतर्फ औंल्याउनुभयो। बुद्धले यस्तो दर्शन प्रस्तुत गर्नुभयो जसको उद्देश्य यसको अनुसरण गर्नेलाई सर्वोच्च स्तरको व्यक्तिगत आनन्द दिनुथियो। निश्चित रूपमा, यो अरू केही नभएर, स्वार्थद्वारा प्रेरित छ। बौद्ध धर्ममा व्यक्तिगत शक्तिको बारेमा मात्रै उल्लेख गरिएको छ। यसो हुँदा, यी सब कुराहरूमा परमेश्वरको बारेमा केही छैन। परमेश्वरको कुनै भूमिका छैन, कुनै शक्ति छैन। हामी स्वयंमा नितान्त एक्लो छौं, यद्यपि यो पनि निश्चित् छ कि एक्लो परेको मानव जातिले स्वयंको उद्धार गर्नसक्दैन। बाइबलले हामीलाई के सिकाउँछ भने परमेश्वर नै सबै शक्तिहरूको स्रोत हुनुहुन्छ, अनि यही शक्ति, वा आत्माले नै सबैकुरोको सृष्टि अनि पालन गर्दछ। अनि यो नै आत्माको त्यो शक्ति हो जसले बाइबल, अर्थात्

उहाँका वचनहरूमार्फत व्यवहारिक रूपमा मानव जीवनको रूपान्तरण गर्दछ। यस्तो समय पनि आउँछ जब मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ अनि यो कतिको छली हुन्छ, त्यसबारे उ स्वयंले जान्नसक्दैन (यर्मिया 17:9)। यदि हामीले आफ्नो अन्तरमा हेऱ्यौं भने यो थाहा पाउछौं कि स्वयंको रूपान्तरण गर्नको लागि हामीसित पर्याप्त सकरात्मक आत्म-शक्ति छैन। यसकारण, बौद्ध धर्म मान्नेहरू, यदि उनीहरू बौद्धिक दृष्टिले इमान्दार छन् भने अनि आत्म-परीक्षामा व्यवहारिक छन् भने, एक निराश पुरूष वा महिलाको रूपमा मर्नुपर्छ। येशू ख्रीष्टलाई *''प्रभुका आत्मा''*-को रूपमा वर्णन गरिएको छ (2-कोरिन्थी 3:17), जसलाई परमेश्वरले स्वर्ग अनि पृथ्वीका सारा अधिकार सुम्पिनुभएको छ (मत्ती 28:18)। उहाँ मार्फत जीवनमा परिवर्तन ल्याउने शक्ति परमेश्वरसित छ। आफ्नो पाइलालाई ठीक मार्गमा हिँड़ाउने शक्ति पृथ्वीका कुनै मानिसमा पनि छैन (यर्मिया 10:23)। विना कुनै सहायताको, हामीहरूले स्वयंको उद्धार गर्नसक्दैनौं। प्रत्येक मानवले इमान्दारीपूर्वक आत्म-परीक्षण गरे उसलाई यसमा सहमत हुन कर लाग्छ।

बाइबलमा उल्लेखित व्यक्तिगत परमेश्वर, प्रभु येशूका पिता, उहाँका नाउँमा भएका सबैलाई महिमामण्डित गर्नचाहनु हुन्छ-अर्थात्, ती सबै सिद्धान्तहरूलाई जसले उहाँको गुणलाई प्रकट गर्छ। बौद्ध धर्म मानिसको दु:ख-कष्टहरूलाई हटाउनमै प्राय: ग्रस्त रहेको देखिन्छ, ठीक त्यसरी नै, जसरी पेण्टिकॉस्टलसरह भ्रान्त ख्रीष्टान गुटहरूले *''जे चाहन्छौ माग''* जस्ता गलत पाठहरू पढ़ाउँछन्, अनि धर्मद्वारा व्यक्तिगत भौतिक लाभ पुऱ्याउने वचन दिन्छन्। यसकारण, प्राय: सबै धर्महरू स्वार्थपरायण भएको प्रतीत हुन्छ। तर बाइबलको साँचो सन्देश यही नै छ कि यो एकमात्र साँचो अनि आफ्नो निजी परमेश्वरले उहाँको नाउँ, उहाँको साँचो अनि सद्‌गुणी प्रकृतिलाई अनन्त कालको निम्ति मुक्ति प्रदान गरिएका पुरूष अनि महिलाहरूको समूहमा महिमामण्डित गर्नचाहनु हुन्छ।

## 3.5 मृत्युपछिको जीवन

हामी मरेपछि के हुन्छ भन्ने प्रश्न एक सामान्य प्रश्न हो। यस बारे बौद्ध धर्मले निश्चित्‌तापूर्वक केही भन्दैन। मृत्युपछि के हुनेछ भन्ने प्रश्नको बारेमा बुद्ध स्वयं पनि अनिश्चित्‌ हुनुहुन्थ्यो। उहाँले निर्वाण वा अनन्तको बारे कुनै स्पष्ट उपदेश छोड्नुभएन। उहाँले छोड्ेर जानुभएको छ, दार्शनिक सिद्धान्त वा परिकल्पना। आज बुद्धको शरीर, हिमालय पर्वतको फेदमा स्थित कुशीनारामा भएको एउटा चिहानमा छ। मृत्युपछिको जीवनका सत्यहरू, बौद्ध धर्ममा, अज्ञात रहस्यको रूपमा रहेको छ।

म के विश्वास गर्छु भने येशू मृत्युमा प्राप्त हुनुभयो अनि मेरो प्रतिनिधिको रूपमा बौह्री उठनुभयो। यही बुझेर नै मैले उहाँमा बप्तिस्मा लिएको हुनाले उहाँ फर्किनुहुँदा, उहाँको पिताको अनुग्रहद्वारा, मेरो पनि मुक्ति हुने र उहाँसितै अनन्त जीवन पाउने आशा छ। मृत्युपछि पनि 'अमर आत्मा' –को रूपमा बाँचिरहने, त्यस्तो कुनै आशाको बारेमा बाइबलले बताउँदैन। हाम्रो आशा केवल एकमात्र ख्रीष्टसित छ, अनि उहाँलाई हामी एक वास्तविक मानिसको रूपमा मर्नुभएको अनि त्यसपछि बौह्री उठ्नुभएको देख्छौं। एक शरीरहीन आत्माको रूपमा होइन, एक कल्पनाको रूपमा होइन, तर एक वास्तविक, मूर्त्त व्यक्तिको रूपमा।

बौद्ध धर्म मान्नेहरूले के दाबी गर्छन्‌ भने निर्वाणलाई ठोस रूपमा व्यक्त गर्नसकिँदैन किनभने यो अव्यक्त छ। यसकारण, उनीहरूको के उद्देश्य हो, त्यस बारे पनि ठोस रूपमा बुझ्न सकिदैन। त्यहाँ 'आशा' को कुनै स्पष्ट परिभाषा छैन। बाइबलले येशूका कार्यहरूमार्फत एक निश्चित्‌ आशावादितालाई जाहेर गरेको छ–जब येशू फर्किनुहुन्छ तब यहाँ, यस पृथ्वीमा, परमेश्वरको राज्य स्थापित हुनेछ।

मानवताको सम्बन्धमा बौद्धधर्मको अत्यन्तै निम्न दृष्टि छ, यसले मानिसलाई असन्तुष्ट शक्तिहरूको एक समूहको रूपमा हेर्छ। प्रभु येशूले मानिसहरूको वास्तविक मोल अनि अर्थमाथि प्रचण्ड जोर दिनुभयो। एक नीतिकथामा उहाँले भन्नुभयो, उहाँ एक असल भेड़ीगोठालोको रूपमा हराएको एउटा भेड़ोलाई खोज्न जानुभयो जबकि बाँकी रहेका ९९

भेड़ाहरूलाई त्यतिकै छोड्नुभयो। भन्नको तात्पर्य, एकजनाको पनि उहाँको निम्ति ठूलो महत्व छ। बाइबल भन्दछ, अब्राहाम, इसहाक अनि याकूब जस्ता मानिसहरू भविष्यको स्वर्गराज्यमा बस्नेछन् (मत्ती 8:11/13:28)। व्यक्तिगत रूपमा, हामीहरू पनि, परमेश्वरको राज्यमा अनन्त कालको निम्ति बस्नेछौं। बौद्ध धर्मको दाबी अनुसार एक बुद्धको प्रकृति (जापानीमा बुशो) शून्यता हो, स्वः-लाई हटाउनु। यसको अर्थ, निर्वाणमा हाम्रो कुनै महत्व हुँदैन। यसकारण बौद्ध धर्ममा मानिसहरूको महत्वलाई होच्याइएको छ। बाइबलमा येशू झैं सबैजनाको पुनर्जीवनको सन्देश छ। उहाँले पुनर्जीवन प्राप्त गर्नुभयो अनि जुन व्यक्ति चिहानबाट उठेर आउनुभयो, उहाँ मर्नुभएको व्यक्ति नै हुनुहुन्थ्यो। यसकारण, येशूमा समाहित हुने सबैले पनि यस्तै पुनर्जीवन प्राप्त गर्नेछन्। मृत्युको समयमा यो कुरो बड़ो सुखदायी हुन्छ ... कि मर्ने कुनै पनि साँचो ख्रीष्टानले पुनर्जीवन प्राप्त गर्नेछ, अनि ख्रीष्टमा समाहित हुने, हामीहरूले, उहाँलाई पुनः देख्नेछौं अनि अनन्तकालसम्म सँगै बस्नेछौं। फैसला गर्ने आसनमा ख्रीष्ट बस्नुहुँदा जे जस्तो परिवर्तन हुनेछ, सो एक आमूल परिवर्तन हुनेछ, बौद्ध धर्ममा उल्लेख गरिए झैं विकासको अनन्त चक्रमा फँस्नु होइन। म के भन्न चाहन्छु भने मृत्युको समयमा मानवको प्रकृति बारे सही-सही बुझ्नु धेरै महत्वपूर्ण हुन्छ। स्टालिन, हिटलर, खमेर रूस आदि सबैले मानव प्रकृतिको गलत बुझाइले गर्दा, यस सम्बन्धमा, डरलाग्दा कुराहरू गर्ने अपराध गरे। बौद्ध धर्म मान्नेहरूले कि विश्वास गर्छन् भने अज्ञानबाट नै पापको जन्म हुन्छ। यो केवल आंशिक सत्य मात्रै हो। बाइबलले हामीलाई सिकाउँछ कि इमान्दारीपूर्वक गरिएको अन्तर्निरीक्षणले हामीलाई के बताउँछ भने लड़ाइँ र झगड़ा हाम्रै अङ्गमा संग्राम गर्ने सुख-विलासबाट आउँछ (याकूब 4:1), हामी आफूभित्र भएको आफ्नै तृष्णाबाट खिँचिई, लोभिएर परीक्षामा पर्छौं (याकूब 1:13-15)। यो कुरोमाथि ध्यान दिनुहवस् कि मर्ने बेलामा एक दैत्यको उपस्थितिको प्रायः नै सुनिएको विचार बारे बाइबलमा कुनै उल्लेख छैन। शत्रु अर्थात् शैतान, मूल रूपमा, हामीभित्र बास गर्ने नराम्रा चाहना अनि तृष्णाहरूकै एक व्यक्ति-रूप हो। यस सम्बन्धमा अधिक जानकारी प्रकाशकहरूसँग उपलब्ध छन्।

नयाँ जीवनको शक्ति अनि सम्भावनाको प्रभु येशूसित अत्यन्त निकटको सम्बन्ध छ। जीवन र अमरत्वलाई उहाँले सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो (2-तिमोथी 1:10)। येशूमा जीवन छ, मानिसहरूको जीवन-ज्योति (यूहन्ना 1:4)। यस्तो किन छ भने पापको परिणाम मृत्यु हो-वास्तविक अर्थमा मृत्यु। तर येशूले कुनै पाप गर्नुभएन। तर पनि, उहाँ हाम्रो निम्ति मर्नुभयो। अनि, यसकारण, उहाँको मृत्यु अनि पुनर्जीवनमा बप्तिस्मा लिएका सबैजना, तथा विश्वासद्वारा उहाँमै बास गर्नेहरूको निम्ति, जसरी उहाँ मृत्युबाट उठ्नुभयो, त्यसरी नै, अनन्त जीवनको आशा विद्यमान छ। बौद्ध धर्मले सिकाउँछ, जब कुनै व्यक्तिको मृत्यु हुन्छ तब उसको कर्मद्वारा प्रेरित जीवनको व्यग्र चाहनाको परिणामस्वरूप, *''चेतनाको प्रवाह''* उत्पन्न हुन्छ जसले गर्दा उ अन्यत्र कतै गएर बस्नथाल्छ। तर यो विशुद्ध कल्पना मात्रै हो। मृत शरीरले जीवन कहाँबाट प्राप्त गर्छ? के प्रतीत हुन्छ भने, यो मृत्युको अवश्यम्भावीताको भयाानकताबाट पलायन गर्नको निम्ति मानिसको अर्को उन्मत्त, हताश अनि अन्ध आशा बाहेक अरू केही होइन।

बौद्ध धर्म मान्नेहरूको पुनर्जन्ममाथि विश्वासले गर्दा, मृत्युको क्षणमा व्यक्ति कस्तो छ, त्यसको अत्यधिक महत्व हुन्छ; अनि यसैकारण भिक्षुहरूले मृत्युशय्यामा भएको व्यक्ति नजिक 'मृतहरूको पुस्तक'-बाट मन्त्रोच्चारण गर्छन्। तर पनि मुक्ति न ता व्यक्तिको वशको हुन्छ न भिक्षुहरूकै वशको। यहाँ के भन्नसकिन्छ भने एउटा कल्पनाले अर्को कल्पनालाई जन्मदिएको छ। पुनर्जन्मसम्बन्धी त्यहाँ कुनै प्रमाणहरू छैनन्, यस्ता कुराहरूमाथि विश्वास गर्नको निम्ति कुनै आधारहरू पनि छैनन्। मर्ने व्यक्तिले राम्रो पुनर्जन्म पाओस् भन्ने सुनिश्चित् गर्नको निम्ति भिक्षुहरूले मन्त्रोच्चारण गर्नु, अघिबाटै भएको यो भूललाई झन जटिल बनाउनु हो। हामी आफ्नो जीवन कसरी बाँच्छौं, त्यसैको नै परमेश्वरले फैसला गर्नुहुनेछ। बाइबलले यो सत्य भन्छ कि कुनै मानिसले कुनै किसिमले पनि आफ्ना भाइलाई छुटकारा दिलाउनसक्दैन (भजनसंग्रह 49:7)। एक राम्रो पुनर्जन्म प्राप्त गर्नको निम्ति उल्लम्बान समारोहमा सूत्रहरूको पाठ गर्नुले यही नै प्रमाणित गर्छ कि मानवको मुक्ति अरूमाथि निर्भर गर्छ, केवल शब्दहरूमाथि। के तपाईं यसभन्दा बढ़ी सत्य र प्रमाणिक कुरो चाहनुहुँदैन र ...?

निर्वाणको बाइबलमा उल्लेखित् तुल्यार्थक शब्द अर्थात् पृथ्वीमा परमेश्वरको राज्यको विषयमा ठोस अनि यर्थाथ विवरणहरूमाथि ध्यान दिनुहवस्:

यस जीवनमा ख्रीष्टको अनुसरण गर्नेहरू ''राजा अनि पूजाहारीहरू हुनेछन्; अनि हामीहरूले पृथ्वीमाथि राज गर्नेछौं (प्रकाश 5:10)। तिनीहरूका भिन्ना-भिन्नै जिम्मेवारीहरू हुनेछन् (लूका 19:16)। ख्रीष्टले तिनीहरूसितै पृथ्वीमा राज गर्नुहुनेछ (प्रकाश 2:27; 2-तिमोथी 2:12)। ''एक राजा (येशू)-ले न्यायोचित राज्य गर्नेछन् र भारादारहरू (येशूलाई मान्नेहरू)-ले उचित शासन गर्नेछन् (यशैया 32:1 भजनसंग्रह 45:16)।

ख्रीष्टले दाऊदको पुनर्स्थापित सिंहासन पाउनुहुनेछ (लूका 1:32,33), भन्नुको तात्पर्य, उहाँले दाऊदको दर्जा अनि सिंहासन पाउनुहुनेछ, जो यरूशलेममा थियो। येशूले यरूशलेमबाट राज्य गर्नुहुने हुनाले, यो शहर भविष्यको राज्यको राजधानी हुनेछ। जातिहरू *''वर्ष वर्ष सेनाहरूका परमप्रभु महाराजाधिराजलाई दण्डवत् गर्न र झुप्रो-बासको चाड़ मान्नलाई यरूशलेममा जानेछन्''* (जकरिया 14:16)

यरूशलेमको यो वार्षिक तीर्थयात्राको भविष्यवाणी यशैया 2:2,3 मा पनि गरिएको छ: ''पछिल्ला दिनमा परमप्रभुको भवन बसालिएको पर्वत (यहाँ पर्वतको अर्थ राज्य हो- दानिएल 2:35,44) सबै पर्वतहरूभन्दा उच्च पारिनेछ (अर्थात् परमेश्वरको राज्य मानिसहरूको राज्यभन्दा धेरै महान हुनेछ) ... अनि सबै जातिहरू त्यहीतर्फ ओइरिएर आउनेछन्। जाति जातिका धेरै मानिसहरू त्यहाँ गएर भन्नेछन्, आऊ हामी परमप्रभुको पर्वतमा उक्लेर याकूबका परमेश्वरको भवनमा जाऔ। उहाँले हामीलाई आफ्नो मार्ग देखाउनुहुनेछ ... किनकि शिक्षा चाहिँ सियोनबाट, र परमप्रभुको वचन यरूशलेमबाट नै निस्कनेछन्''। यो राज्यका प्रारम्भिक दिनहरूको दृश्य प्रतीत हुँदछ, किनभने ख्रीष्टको शासनको बारेमा अन्यहरूलाई मानिसहरूले जानकारी दिए, अनि उनीहरू परमेश्वरको

राज्यको 'पर्वत'-मा उक्ले, अनि यो राज्य विस्तारै समग्र विश्वमा फैलिँदै जानेछ। यहाँ हामीसित धार्मिक पूजा-अनुष्ठान देखापरेको साँचो उत्साहको तस्वीर छ। मानिसको कानून प्रणाली र न्याय व्यवस्थाहरूद्वारा उत्पन्न भ्रान्ति र पक्षपातको सट्टा त्यहाँ एउटै विश्व-व्यापी व्यवस्था हुनेछ-''व्यवस्था, अनि प्रभुका वचन,'' जसको घोषणा ख्रीष्टले यरूशलेमबाट गर्नुहुनेछ। यी उपदेशहरू सुन्नको निम्ति ''सबै जातिहरू ओइरिएर आउनेछन्'', यसको अर्थ के हुन्छ भने परमेश्वरको बारेमा साँचो ज्ञान प्राप्त गर्ने साझा इच्छाले गर्दा जातिहरूमाझको स्वाभाविक झगड़ा कम्ती हुनेछ; यसको साथै यस जीवनमा साँचो ज्ञान प्राप्त गर्नको लागि स्वयंलाई समर्पित गरेका व्यक्तिहरूमाझ पनि यस्तै हुनेछ। यरूशलेममा सबै जातिहरू ओइरिएको वर्णन यशैया 60:5-को वर्णनसरह नै छ, जहाँ यहूदीहरू गैर-यहूदीहरू सँगसँगै यरूशलेममा परमेश्वरको पूजा गर्नको निम्ति जानेछन्। यसरी, जकरिया 8:20-23 मा राज्यको बारेमा गरिएको भविष्यवाणी एकदमै सही प्रमाणित हुन्छ।

''यस्तो समय आउन लागेको छ जब धेरै शहरका बासिन्दाहरू आउनेछन् औ एउटा शहरका बासिन्दाहरू अर्को शहरमा यसो भन्दै जानेछन्, 'परमप्रभुको निगाह प्राप्त गर्नलाई र सेनाहरूका परमप्रभुलाई खोज्नलाई जान जारी राखौं (अर्थात् वर्षैपिच्छे जाऔं; जकरिया 14:16): म पनि जानेछु। साँच्चै, धेरै सामर्थी जातिका मानिसहरू यरूशलेममा सेनाहरूका परमप्रभुको खोजी गर्न आउनेछन् ... ती दिनमा सबै जातिका विभिन्न भाषा बोल्नेहरूमध्ये दश जना मानिसले एउटा यहूदीको लूगा समातेर यसो भन्नेछन्, 'हामी तपाईंसितै जानेछौं, किनभने हामीले सुनेका छौं कि परमेश्वर तपाईंसित हुनुहुन्छ''।

यसले यस्तो तस्वीरको सिर्जना गर्छ जसमा यहूदीहरूलाई , उनीहरूको आज्ञा पालन र पश्चातापको कारण, सबै जातिहरूको ''परमेश्वरले शिर तुल्याउनुहुनेछ पुच्छर होइन'' (व्यवस्था 28:13)। त्यतिबेला मुक्तिसम्बन्धी परमेश्वरको योजना बारे यहूदीहरूको धारणा सबैले मान्नेछन्। यसरी, यसबारे तत्कालीन ख्रीष्टान धर्ममा रहेको अज्ञानता अकस्मात् समाप्त हुन्छ। त्यतिबेला मानिसहरूले यी विषयहरूबारे उत्साहपूर्वक चर्चा गर्नेछन्, अनि यहूदीहरूलाई यसो भन्नसक्नेछन्, ''हामीले सुनेका छौं कि परमेश्वर तपाईंसित हुनुहुन्छ''।

त्यतिबेला विचार–विमर्श आध्यात्मिक विषयहरूको वरिपरि घुम्नेछ, अहिले विश्वमा चर्चा हुने व्यर्थका विषयहरूको वरिपरि होइन।

असल बनिने यो महान संकल्पको परिप्रेक्ष्यमा यो आश्चर्यजनक होइन कि ख्रीष्टले ''जातिहरूको इन्साफ गर्नुहुनेछ ... तिनीहरूले आफ्ना आफ्ना तरवार पिटेर हलोको फाली र भाला चाहिँ हँसिया बनाउनेछन्: एउटा जातिले अर्को जातिको विरूद्धमा तरवार उठाउने छैन, औ तिनीहरूले अब उप्रान्त युद्ध गर्न सिक्नेछैनन्'' (यशैया 2:4)। ख्रीष्टको सम्पूर्ण अधिकार र झगड़ाहरूमा उहाँको इन्साफले गर्दा सबै जाति (राष्ट्र)–हरूले आफ्ना सैनिक हात–हतियारहरूलाई कृषिका उपकरणहरूमा परिवर्तित गर्नेछन्, अनि सबै सैनिक प्रशिक्षणहरूलाई त्यागि दिनेछन्। ''उहाँको समयमा धर्मात्माहरूको फलिफाप हुनेछ'' (भजनसंग्रह 72:7) –त्यतिबेला आध्यात्मिकताले शीर्ष स्थान पाउनेछ अनि प्रेम, दया, इन्साफ आदि जस्ता ईश्वरीय गुणहरू देखाउनेहरूप्रति सम्मान व्यक्त गरिनेछ। यसको तुलना हालमा घमण्ड, आत्म–प्रशंसा र स्वार्थी महत्वकांक्षा आदिले समाजमा पाएको स्थानसित गर्नुहवस्।

*''तरवारहरूलाई कुटेर हलोको फाली''* बनाउनु, यस पृथ्वीमा कृषि क्षेत्रमा आउने ठूलो परिवर्तनको एक हिस्सा हुनेछ। आदमको पापले गर्दा भूमि श्रापित भएको छ (उत्पत्ति 3:17–19); यसको फलस्वरूप, अहिले यस भूमिबाट अन्न उत्पादन गर्ने कार्य धेरै कठिन भएको छ। परमेश्वरको राज्यमा *''पृथ्वीमा पहाड़का टाकुराहरू (बाँझो भूमि)''*–मा प्रशस्तगरी अन्न हुनेछ। त्यसको फल लबानोनको देवदारू झैं हल्लिनेछन्'' (भजनसंग्रह 72:16)। *''हेर, यस्ता दिन आउँनेछन्, जब कटनी गर्नेलाई हलो जोत्नेले उछिन्नेछ, औ बिउ छर्नेलाई अंगुर पेल्नेले उछिन्नेछ, औ पर्वतहरूबाट मीठो मद्य चुहुनेछ''* (आमोस 9:13), यसप्रकार, पृथ्वीको उर्वरक शक्ति बड़ेर जानेछ, अनि अदनमा श्रापित भूमिको श्रापको प्रभाव कम्ती हुँदैजानेछ।

कृषि क्षेत्रको यो विशाल उद्यममा धेरै मानिसहरू संलग्न हुनेछन्। परमेश्वरको राज्य बारे गरिएको भविष्यवाणीले के संकेत दिन्छ भने मानिसहरू एक आत्मनिर्भर, कृषिमाथि आधारित जीवन-शैलीतर्फ फर्किनेछन्।

''तिनीहरूको हरेक मानिस आफ्नो आफ्नो दाख (अंगूर)-को बोट र नेभाराको बोटमुनि बस्नेछ; औ कसैले तिनीहरूलाई डर देखाउनेछैनन्'' (मीका 4:4)।

यो आत्मनिर्भरताले ती विकृतिहरूलाई दूर गर्नेछ जो पैसाको निम्ति काम गर्ने मजदूरसित सम्बद्ध कुनै पनि रोजगार प्रणालीमा विद्यमान रहेको हुन्छ। अरूहरूलाई धनी बनाउनको निम्ति सारा जीवन काम गर्ने कुरो त्यतिबेला अतीत भएर जान्छ।

''तिनीहरूले घर बनाएर तिनमा बास गर्नेछन् (तिनीहरू स्वयं नै); तिनीहरूले दाख (अंगूर)-बारी लगाएर तिनका फल खानेछन्। तिनीहरूले बनाएर अरूहरूले बस्ने, र तिनीहरूले रोपेर अरूहरूले खाने चाहिँ हुनेछैन ... छानिएकाहरूले आफ्ना हातले गरेका काम धेरै दिनसम्मै भोग गर्नेछन्। तिनीहरूले व्यर्थमा परिश्रम गर्नेछैनन् ... (यशैया 65:21-23)।''

यशैया 35:1-7-ले कसरी बाँझो भूमिमा परिवर्तन आउनेछ, त्यसको अतूलनीय भविष्यवाणी गरेको छ। यसको परिणामस्वरूप, आनन्द र खुशीको ज्योति धरतीबाट प्रवाहित हुनेछ। यो यसमा काम गर्नेहरूको सहज अनि आध्यात्मिक जीवन शैलीबाट सम्भव हुनेछ: ''बन-जंगलमा ... खुशी छाउनेछ ... मरूस्थलमा आनन्द प्रवाहित हुनेछ अनि त्यो गुलाफ झैं फल्ने-फुल्नेछ। त्यहाँ ... आनन्दको गीत गुञ्जिनेछ ... किनभने बन-जंगलमा पानी प्रवाहित हुनेछ, अनि मरूस्थलमा खोला बग्नेछ। अनि सुक्खा धरतीमा ताल उत्पन्न हुनेछ''। जनावरहरूमा व्याप्त स्वाभाविक शत्रुता पनि हटेर जानेछ : ''ब्वाँसो अनि थुमा (भेड़ाको पाठो)-ले एउटै ठाउँमा खानेछ'', अनि बालक-बालिकाहरू सर्पसित खेल्न सक्नेछन् (यशैया 65:25; 6-8)।

यही रीतले, सृष्टिमाथि श्रापको प्रकोप पनि कम्ती हुनेछ, यसरी, मानव जातिमाथि पनि श्रापको प्रभाव कम्ती हुँदैजानेछ। यसैकारण प्रकाश 20:2,3 शैतान (पाप अनि यसका प्रभावहरू)-को प्रतिकात्मक भाषामा बोल्छ; हजारौं वर्षको निम्ति शैतानलाई 'बाँधेर', बन्द गरेर राखे। मानिसको आयु बढ्नेछ, यसैले यदि कोही 100 वर्षको उमेरमा मऱ्यो भने उसलाई बालक नै ठानिनेछ (यशैया 65:20)। शिशुको जन्म हुँदा महिलाहरूले कम्ती पीड़ाको अनुभव गर्नेछन् (यशैया 65:23)। ''तब अन्धाहरूका आँखा खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन्। तब लङ्गड़ा मृग झैं उफ्रनेछ र गूङ्गाको जिब्रोले स्तुति गर्नेछ'' (यशैया 35:5,6)। आत्माको चमत्कारी उपहार प्राप्त भएपछि यस्तो हुनेछ (हिब्रू. 6:5)।

जसरी मानिसहरूले प्रकृतिको काखमा यसका सुन्दर दृश्यहरूमाझ बसेर घाम ताप्दै आनन्द लिन्छन् त्यसरी नै धर्मात्माहरूले आनन्द उठाउन सक्ने एक उष्ण प्रदेशीय स्वर्गिक द्वीपको रूपमा परमेश्वरको राज्यलाई नहेर्नु भन्ने कुरोमाथि त्यति जोर दिन सकिदैन। परमेश्वरको राज्यको मूल उद्देश्य हो परमेश्वरको महिमाको गुणगान अनि समग्र पृथ्वी परमप्रभुको महिमाले ढाक्नु ''जस्तो म जीवित छु, सम्पूर्ण पृथ्वी परमप्रभुको महिमाले भरिनेछ (गन्ती 14:21)। परमेश्वरको महिमा भन्नाले के बुझिन्छ भने पृथ्वीका निवासीहरूले उहाँको धार्मिक आचरणहरूको प्रशंसा, गुणगान अनि अनुसरण गर्नेछन्; किनभने संसारको स्थिति यस्तै हुनेछ, अनि परमेश्वरले यसैलाई प्रतिविम्बित् गर्ने अनुमति यो भौतिक संसारलाई दिनुहुनेछ। यसकारण ''नम्रहरूले पृथ्वी (राज्यमा) अधिकार गर्नेछन्, अनि (सहज जीवनको आनन्द उठाउनुको साटो) प्रशस्त (आध्यात्मिक) शान्तिमा आफै खुशी मनाउनेछन्'' (भजनसंग्रह 37:11), जो ''धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू छन् ... (परमेश्वरको राज्यमा) तृप्त हुनेछन् (मत्ती 5:6)।

परमेश्वरको राज्यमा अनन्त जीवन प्राप्त गर्ने विचारको उपयोग, प्राय: जसो, ख्रीष्टान धर्ममा मानिसहरूको रूची जगाउनलाई, एकथरीको 'प्रलोभन'-को रूपमा गरिन्छ। यद्यपि, अनन्त जीवनको प्राप्ति एक संयोग नै हो किनभने परमेश्वरको राज्यमा अनन्त कालसम्म रहनुको

उद्देश्य परमेश्वरको महिमाको गुणगान गर्नु हो। हामीले बप्तिस्मा लिएपछि हामीसित जे जति समय बाँकी रहन्छ, त्यसको उपयोग पनि यसै कार्यको निम्ति गर्नुपर्छ र यसरी स्वयंलाई सुधार्दै जानुपर्छ। यस लेखकको निम्ति, परमेश्वरसम्बन्धी असल विवेक अनि पूर्णताको परमानन्दमा दश वर्ष बिताउनुको लागि यस जीवनका सबै दु:ख–कष्टहरू झेल्नु केही पनि होइन। यो परमानन्दको स्थिति चिरकालसम्म रहनेछ भन्ने सोच मात्रैले हामीलाई विस्मित् तुल्याउँछ अनि यसले हामीलाई मानवको अनुभूतिका सीमाहरूदेखि बाहिर लैजान्छ।

यदि हामीहरूले अलिकता भौतिक दृष्टि अपनायौं भने पनि सांसारिक सुख–सुविधा र भौतिकतावादलाई पर पन्साएर आफ्नो ध्येयलाई परमेश्वरको राज्यमा बास गर्नुपट्टि नै केन्द्रित गर्नुपर्छ। निकट भविष्यको बारेमा अत्यधिक चिन्ता गर्नुको सट्टा येशूले उपदेश दिनुभएको छ: *''पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता प्राप्त गर्ने कोशिष गर: अनि यी सबै थोकहरू तिमीहरूले पाउनेछौं''* (मत्ती 6:30–38)। हामीले जुन कुराको कल्पना गर्छौं र त्यसलाई पाउने भरमग्दूर प्रयास गर्छौं, ती सबै, परमेश्वरको राज्यमा बास गर्दा हुने परमसन्तुष्टीको अघि केही पनि होइनन्।

हामीहरूले *''(परमेश्वरको) धार्मिकता''*–लाई अपनाउने खाँचो छ, भन्नको तात्पर्य, परमेश्वरको प्रकृतिप्रति प्रेम विकसित गर्ने प्रयास गर्नुपर्छ, जसको अर्थ हुन्छ हामी परमेश्वरको राज्यमा बास गर्नचाहन्छौं किनभने त्यहाँ धर्मको महिमा गाइनेछ, किनभने हामी, व्यक्तिगत रूपमा, मृत्युदेखि भागेर अनन्त कालसम्म सहज जीवन मात्र बिताउन चाहदैनौं तर हामी नैतिक दृष्टिले परिपूर्ण हुनचाहन्छौं। अनि केवल यसकारण होइन कि हामी वर्तमान दु:ख–कष्टबाट उम्किन चाहन्छौं, तर बौद्ध धर्मको मूल उद्देश्य भने यही नै प्रतीत हुन्छ। बौद्ध धर्मले के दाबी गर्छ भने यो संसार केही समयको लागि अस्तित्वमा रहन्छ अनि त्यसपछि लाखौं वर्षहरूसम्म संसारको विनाश प्रक्रिया चलिरहन्छ अनि फेरि नयाँ चक्र शुरू हुन्छ। पृथ्वीमा परमेश्वरको राज्य स्थापित हुने सुसमाचारको अर्थ यही नै हो कि पृथ्वीको नाश हुँदैन (उपदेशक 1:4), किनभने परमेश्वरको उद्देश्य पृथ्वीलाई अमर जीवहरूले भरिपूर्ण पार्नु हो, जुन जीवहरू यस ग्रहमा परीक्षाको निम्ति बसेका छन् र यो हाम्रो निम्ति

अवसरको बेला हो। यसकारण, यहाँ हाम्रो जुन स्थिति छ, त्यसको अत्यधिक महत्व छ। मुक्तिको आज नै यो घड़ी हो, पावल भन्छन् (2 कोरिन्थी 6:2), आज नै हामीले परमेश्वरको वचन सुन्नुपर्छ किनभने भोली धेरै अबेर हुनेछ (हिब्रू 3:12–13)। प्रेममयी परमेश्वरको निम्ति यो भौतिक संसार पनि अति नै महत्वपूर्ण छ किनभने उहाँले नै यसको सृष्टि गर्नुभएको हो। सृष्टिको स्वरूप र उद्‌देश्य यसमा निहित सुन्दरताबाट प्रतिविम्बित् हुन्छ। अनि पृथ्वीमा परमेश्वरको राज्य स्थापित हुने सुसमाचारले सृष्टिको उद्‌देश्यलाई छर्लङ्ग पार्छ। धेरै मानिसहरूले सृष्टिको कुनै उद्‌देश्य रहेको कुरो मान्छन् तर यो उद्‌देश्य चाहिँ के हो भनेर सोध्दा अलमल्ल पर्छन्। बाइबल अनुसार संसारको सृष्टि ''बड़ो सुन्दर'' ढंगमा भएको छ (उत्पत्ति 1:31)। अनि हामी बस्ने सृष्टिको अवलोकन गर्दा, सुन्दरतासम्बन्धी यस कथनको पुष्टि हुँदछ। यो त बौद्ध धर्मको पुनर्जन्म अनि अस्तित्वका अन्तहीन चक्रहरूसम्बन्धी विचार हो जसले यो सोच्न वाध्य गराउँछ कि यो पृथ्वीलाई ''धेरै राम्रो'' बनाइएको छैन। संसारलाई ''प्रारम्भहीन'' भनेर वर्णन गर्नु सृष्टिलाई नै यथार्थमा अस्वीकार गर्नु हो, सृष्टिको स्वरूप अनि उद्‌देश्यलाई नकार्नु हो; यसो गर्नु परमेश्वरलाई नै नमान्नु हो। वास्तवमा यो उद्‌भवको अर्को रूप हो, मानवको उत्पत्ति बारे अझै एउटा सिद्धान्त हो, जसको कुनै ठोस प्रमाण छैन। येशू फर्किनु भएपछि परमेश्वरको राज्यको स्थापनाको अर्थ इतिहाससम्बन्धी ख्रीष्टानहरूको त्यो दृष्टिकोण हो, जस अनुसार समय एक सरल रेखाको रूपमा शुरूदेखि अन्तसम्म बढ़छ। हामी कहाँबाट आएका हौं अनि कहाँ जानेछौं भन्ने कुरो हामीलाई थाहा छ। समयको बारेमा बौद्ध धर्मको के मत छ भने यो एक चक्र हो। यसको अर्थ हुन्छ, त्यहाँ कुनै उद्‌देश्य छैन, न प्रारम्भ छ न अन्त, यसकारण परमेश्वरप्रति जिम्मेवारीपूर्ण ढंगमा आजको जीवन बिताउँदै उहातर्फ बढ़दै जाने कुरोको वास्तवमा, कुनै अनिवार्यता छैन। यही त्यो कारण हो जसले गर्दा बौद्ध धर्ममा एकथरीको 'रिक्तता' छ। निर्वाणको स्थितिमा पनि हामी शून्यतामा अर्थात् स्व:देखि रित्तिएका हुन्छौं; बौद्ध धर्मका तन्त्रहरू अनुसार सबै देउताहरू यही शून्यताकै रूपहरू हुन्। यस कथनद्वारा यही नै बुझिन्छ कि उनीहरू अस्तित्वमा छैनन्। शून्यताको यो अवधारणालाई कुन सीमासम्म लगिएको छ भने यसले परमेश्वरको अस्तित्वलाई त नकार्छ नै साथै भविष्यमा आफ्नो कुनै वास्तविक अस्तित्वलाई पनि यसले अस्वीकार गर्दछ।  एकपल्ट येशू उहाँको एकजना

चेलाको चिहानमा उपस्थित हुनुहुन्थ्यो, अनि मृत व्यक्तिका दिदी यसकारणले खुशी थिइन् कि अन्तिम् दिवसमा, पुनर्जीवन प्राप्त गर्दा, उसले आफ्नो भाइलाई भेट्न सक्छिन् (यूहन्ना 11:23-27)। येशूमा यही आशा नै विद्यमान छ किनभने उहाँ नै पुनरूत्थान र जीवन हुनुहुन्छ (यूहन्ना 11:25)। शब्दहरूको खेलद्वारा अस्तित्व भएको वस्तुको अस्तित्व नै छैन भनेर साबित गर्नखोज्नु त मातेको मान्छेले केही क्षणको निम्ति आफ्नै अस्तित्वलाई बिर्सिएको झैं हो। तर सत्य भनेको सत्य नै हो। हामी जिउँदो छौं, यथार्थमा हाम्रो अस्तित्व छ, अनि यस्तै परमेश्वर पनि हुनुहुन्छ साथै येशू पनि तथा पृथ्वीसित जोड़िएको उहाँहरूको उद्‌देश्य पनि।

**3.6 प्रारब्ध**

बौद्ध धर्म मान्नेहरू के विश्वास गर्छन् भने मानिसको भविवव्यता, व्यक्तिगत हिसाबमा, उसको अतीतका व्यक्तिगत कार्य, विचार अनि शब्द अर्थात् कर्मद्वारा निश्चित् हुन्छ अनि भविष्यमा उसको पाउने सुख वा दु:खको कारण यो नै हुन्छ।

यसप्रकारको दर्शनलाई खण्डन गर्नको निम्ति बाइबलमा धेरै ठोस कारणहरू छन्।

-यसले परमेश्वरको आज्ञाकारी हुनेसम्बन्धी सबै अवधारणाहरूलाई निरर्थक बनाउछ। बाइबलमा अनवरत रूपमा हामीलाई परमेश्वरका आज्ञाहरू पालन गर्नभनी भनिएको छ, अनि यसो गरेर हामीहरूले परमेश्वरलाई प्रसन्न वा अप्रसन्न तुल्याउनसक्छौं। यदि परमेश्वरले हामीहरूलाई बलपूर्वक आज्ञाकारी हुनुभनी भन्नुहुन्छ भने त आज्ञापलनसम्बन्धी यो अवधारणा अर्थहीन हुनजान्छ। येशूले ''उहाँको आज्ञा पालन गर्ने सबैलाई'' मुक्ति प्रदान गर्नुहुन्छ (हिब्रू 5:9)।

-हिब्रू 11 ले के देखाउछ भने हाम्रो जीवनमा परमेश्वरको हस्तक्षेप अनि अन्तत: मुक्ति प्रदान गर्ने कुरोको सम्बन्ध हाम्रो विश्वाससित छ। दु:ख-कष्ट परेको बेलामा त्यसलाई हटाउनको निम्ति प्रार्थनाहरू गरिएका धेरै उदाहरणहरू बाइबलमा पाइन्छन्। तर यदि सबैकुराहरू पूर्व निश्चित् नै छन् भने त यी प्रार्थनाहरू अर्थहीन हुनेभए। यस्तैप्रकारले

ख्रीष्टमाथि हाम्रो विश्वासको परिणामस्वरूप, हामीहरूले मुक्ति पाउने कुरो पनि अर्थहीन हुनजान्छ।

–बप्तिस्मा, मुक्तिको एक पूर्व–अनिवार्यता हो (मर्कूस 16:16; यूहन्ना 3:3–5)। यद्यपि, ख्रीष्टका कार्यहरूद्वारा मुक्तिलाई सम्भव बनाइयो (2 तिमोथी 1:10), प्रारब्धको काल्पनिक अवधारणाद्वारा होइन। हामीहरूले सचेत भई स्वयंलाई उहाँसित सम्मिलित् गराउने मार्ग चुन्नुपर्छ, जो हामीहरू बप्तिस्माद्वारा गर्छौं रोमी 6:15–17 मा बप्तिस्मा लिँदा स्वामी परिवर्तन भएको उल्लेख छ, पापको जीवनदेखि आज्ञाकारिताको जीवनमा पाइला सारेको उल्लेख छ। ''जसको आज्ञाकारिताका निम्ति दासजस्तै भई तिमीहरू आफैलाई समर्पण गर्दछौं, उसैका दास तिमीहरू हौ''। स्वयंलाई समर्पण गर्ने यो कुरोले आफ्नो इच्छा अनुरूप कार्यतर्फ संकेत गर्छ जो शर्तरहित प्रारब्धको धारणा विरूद्ध छ। यो समर्पण, सुसमाचारका उपदेशहरूलाई हृदयबाटै मानेर सम्भव हुन्छ (रोमी 6:17)।

–यदि कुनैप्रकारले हाम्रो भाग्य अघिबाटै निर्धारित भएको छ भने परमेश्वरले आफ्ना वचनहरू भन्नुको कुनै अर्थ रहदैन। प्रवचन गर्ने पनि कुनै मतलब रहदैन; तर बाइबलले, आज्ञा अनि सम्बन्धित् उदाहरणहरू, दुवै प्रस्तुत गरेर के देखाएको छ भने प्रवचनहरूद्वारा नै पुरूष अनि महिलाहरूले मुक्ति प्राप्त गरेका छन्। ''मुक्तिको ... वचन'' (प्रेरित 13:26) मानिसहरूकहाँ नै पठाइएको छ। हाम्रा कामहरूको अनुरूप नै हाम्रो फैसला गरिनेछ (प्रकाश 22:12)। यदि हाम्रो इच्छानुसारका कार्यहरू मुक्तिको निम्ति अमहत्वपूर्ण छन् भने यस्तो किन भनिएको छ? पावलले भने कि परमेश्वरको वचनलाई नमानेको हुनाले यहूदीहरूले आफ्नै फैसला गर्दै आफैले आफैलाई अनन्त जीवनको अयोग्य ठहराए (प्रेरित 13:46)। तिनीहरूले आफ्नो फैसला आफै गर्दै थिए–परमेश्वरले तिनीहरूलाई रोक्नुभएको थिएन। यदि हामीहरू यो भन्छौं कि परमेश्वरले कतिपय मानिसहरूलाई मुक्ति प्रदान गर्ने र कतिपयलाई तिरस्कार गर्ने योजना पहिलेबाट नै निश्चित् गर्नुभएको छ तब यसको अर्थ यही नै हुन्छ कि परमेश्वरले कतिपयलाई बलपूर्वक पापी बनाइरहनुभएको छ, अनि त्यसैप्रकार कतिपयलाई बलपूर्वक धर्मात्मा बनाइरहनुभएको छ। आदमले पाप गरेको हुनाले नै ''पाप

संसारमा प्रवेश भयो र पापबाट मृत्यु, किनकि सबैले पाप गरेका छन् (रोमी 5:12)। यसैले गर्दा, पापको दण्डस्वरूप, मानिसको मृत्यु हुन्छ (रोमी 6:23), आदमले पाप गर्नुभन्दा अघि परमेश्वरले तिनीहरूलाई बलपूर्वक पापी बनाएर होइन।

–1 कोरिन्थी 10 अनि अन्य धेरै पंक्तिहरूले, धर्म मान्नेहरूलाई चेताउनीको रूपमा, अतीतका ती व्यक्तिहरूको उदाहरण दिन्छन् जसको कुनै समयमा परमेश्वरसित सम्बन्ध थियो, तर पछि तिनीहरू परमेश्वरदेखि टाढ़िए। 'एकपल्ट उद्धार, सधैंकोलागि उद्धार' जस्तो प्रणाली हुनैसक्दैन, न त यो अन्ततः निर्वाणमा नै परिवर्तित हुन्छ। साँचो उपदेश अनि शिक्षामा लागिबस्नाले मात्रै हाम्रो उद्धार हुन्छ (1 तिमोथी 4:16)।
येशूले यो पाठ राम्ररी सिकाउनुभयो कि परमेश्वरको वचनलाई बुझ्ने दिशामा हाम्रो स्वेच्छाद्वारा गरिएको प्रयासको पनि केही सीमासम्म प्रभाव पर्छ। ''जसले पढ़छ उसले बुझोस्'' (मत्ती 28:15)। यसर्थ, परमेश्वरको वचन बुझ्नको निम्ति हामी आफै जिम्मेवार छौं – हामीलाई यसको निम्ति वाध्य गरिँदैन। यो कुरो र येशूले प्रायः जसो दोहराउनु भएका शब्दहरू समानान्तर रूपमा अघि बढ़छन्: ''उ जसको सुन्नको निम्ति कान छ ... उसले सुनोस्,'' वा बुझोस्। सुन्नको निम्ति कान हुनुको तात्पर्य, परमेश्वरको वचन पढ़नु पनि हो। परमेश्वरका वचनमा उहाँका आत्मा कति प्राधान्यतासहित प्रकट हुन्छ भन्ने कुरा बुझ्न हामी येशूको यो कथनलाई लिनसक्छौं। उहाँले भन्नुभएको थियो कि उहाँका प्रेरित वचनहरू 'आत्मा' हुन् (यूहन्ना 6:63), यी वचनहरूको पालन गर्न मानिसलाई वाध्य गराउन परमेश्वरको आत्माले मानिससित कार्य गर्नु असम्भव छ। उहाँले केवल आफ्ना वचनहरू मात्रै मानिससमक्ष पुऱ्याउँनुहुन्छ।

–''जसले मन गर्छ'' उसले ''जीवन जल सित्थैमा लिनसक्छ'' (प्रकाश 22:17), यसको निम्ति जीवनसम्बन्धी सुसमाचार र यसको पालन एक माध्यम हो। मुक्तिको हाम्रो व्यक्तिगत चाहना होस् वा नहोस्, यहाँ कुरा स्वेच्छाको छ न कि प्रारब्धको। यसैप्रकार प्रेरित 2:21: ''जसले (स्वेच्छाले) परमप्रभुको नाउँमा लिनेछ, उसको उद्धार गरिनेछ,'' यसको निम्ति त्यो नाउँमा बप्तिस्मा लिनु आवश्यक छ।

येशूले हाम्रा पापहरू क्षमा गरिदिनु हुन्छ, तर बौद्ध धर्म भन्दछ, हामी आफ्नो कर्मको फलबाट कहिल्यै पनि बाँच्न सक्दैनौं। येशूमा निहित यो क्षमादान आमूल परिवर्तनवादी साथै यसलाई प्राप्त गर्ने व्यक्तिलाई भित्रैबाट यसको अनुभव गराउने हुन्छ। यसले सुन्दर अनि क्षमाशील तथा प्रेममय जीवन जीउने सबै शक्तिहरू प्रदान गर्छ। यसमा असल विचारको आनन्द समाहित भएको हुन्छ। एक दिन हामी निर्वाणको स्थितिमा पुग्छौं भन्ने आधारहीन विश्वास (किनभने हामीले यो देखाइसकेका छौं कि बौद्ध धर्ममा अधिकृत विद्वान जस्तो कुनै कुरोको कुनै आधार छैन्)-लाई मान्नु हो भने त हाम्रो वर्तमान जीवन निरर्थक छ किनभने प्रत्येक पुनर्जन्मको अर्थ एक 'संसार' अर्थात् त्यसै भौंतारिरहनु हो। अनि फेरि, कतिपय बौद्ध पम्पराहरू अनुसार, निर्वाणको स्थितिमा कहिल्यै पुग्न सकिदैन किनभने विकासको चक्रमा हामी अनिश्चित् संख्यामा रहेका संसारहरूमा घुम-फिर गरिरहन पर्छ[(1)]। येशूले पानीमा बप्तिस्मा अनि उहाँमा आध्यात्मिक रूपमा समाहित हुने प्रक्रियाद्वारा केवल एकैपल्ट पुनर्जीवन दिने वचन दिनुभएको छ (यूहन्ना 3:3-5), यसको परिणामस्वरूप, जब उहाँ फर्किनुहुनेछ तब हामीहरूले परमेश्वरको राज्यमा प्रवेश गर्नसक्नेछौं। येशूको यो पुनर्जीवन, जीवनको पुनर्जीवन हो; जबकि बौद्ध धर्ममा उल्लेखित् पुनर्जन्महरू अन्ततः मृत्युमा गएर समाप्त हुन्छन्। येशूले यस पृथ्वीमा परमेश्वरको एक वास्तविक, निश्चित् र चिरस्थायी राज्यको वचन दिनुभएको छ। यसको चिरकालीन राजधानी यरूशलेम हुनेछ। हो, त्यही यरूशलेम, जसलाई आज हामी खुट्ट्याउँनसक्छौं, जान्नसक्छौं। कुनै बौद्ध धर्म मान्नेलाई निर्वाणको परिभाषा सोध्नुहवस्, अनि उनीहरूसित कुनै ठोस, वास्तविक परिभाषा हुँदैन। ''टाढ़ाको किनारा... बाढ़ीहरूमाझको द्वीप ... आश्रय पाइने गुफा ... विवेकको परिधिदेखि बाहिर''। यी शब्दहरूको अर्थ निकाल्नु असम्भव छ, अनि यसको परिणामस्वरूप, बौद्ध धर्ममा कुनै परिभाषा दिनसकिने वा बुझ्नसकिने आशावादिता छैन साथै हामी कता जानपर्ने हो, त्यो दिशानिर्देश पनि छैन। तर परमेश्वरको राज्यसम्बन्धी बाइबलको कथन अति सुस्पष्ट अनि यसभन्दा सर्वथा भिन्न छ।

अस्तित्वको सम्बन्धमा विकासको चक्रमाथि बौद्ध धर्मको विश्वासको अर्थ के हुन्छ भने इतिहासको कुनै अर्थ छैन अनि यसले बौद्ध धर्म मान्नेहरूलाई प्रारब्धवादी र उदासीन

बनाउँछ। बाइबलको स्वयंद्वारा नै सतत निर्माण भइरहन्छ। इस्राएलको इतिहासका ऐतिहासिक घटनाहरू अर्थले परिपूर्ण छन्। म तपाईंहरूलाई एउटा उदाहरण दिन्छु:

1 कोरिन्थी 10:1,2 मा पावल यो बुझाउँछन् कि बप्तिस्माको पानीमा भएर हाम्रो अघि बढ़नु लाल सागरको पानीमा इस्राएल देखिनु झैं हो। तिनीहरूले ''बादल अनि समुद्रमा'' बप्तिस्मा लिए–तिनीहरूका दुवै तर्फमा पानी थियो, अनि तिनीहरूमाथि बादल थियो। यसबाट एकप्रकारको नीतिकथा तैयार पार्नसकिन्छ, जसमा हाम्रो निम्ति धेरै उपदेशहरू हुनेछन्। इस्राएल मिश्रको अधीन कमाराको अर्थहीन जीवन बिताइरहेको थियो, तिनीहरूले कमाराहरूले गर्नपर्ने कठिन परिश्रम गर्दै मिश्रका कल्पित देउताहरूको सेवा गरिरहेका थिए। जीवनमा आफूले पाएको अनुभवले गर्दा, यसबाट छुटकारा पाउने कुनै बाटो खोज्नलाई तिनीहरूले परमेश्वरलाई पुकारे, यद्यपि तिनीहरूसित शायद यो ज्ञान थिएन होला कि परमेश्वरले तिनीहरूलाई कसरी प्रत्युत्तर दिनुहुनेछ। यसको जुवाफमा परमेश्वरले तिनीहरूलाई मिश्रबाट बाहिर निकाल्नको निम्ति मोशालाई, लाल सागर अनि फेरि जंगल र त्यसपछि प्रतिज्ञा गरिएको भूमिमा पस्ने निर्देश दिएर पठाउनुभयो। मिश्रमा इस्राएल भनेको ती सबै हुन् जो बप्तिस्माको निम्ति आएका छन्; अनि यसको निम्ति, पहिले झैं, हामीहरूलाई लाल सागरको तटमा लगिन्छ। बप्तिस्माको पानीबाट निस्किने बित्तिकै हामी परमेश्वरको प्रतिज्ञा गरिएको राज्यमा पुग्दैनौं, हामी अन्य श्रद्धालुहरूसितै जंगलमा हिंड़न थाल्छौं। जंगलमा एक देवदूतको माध्यमले परमेश्वरले इस्राएललाई बाटो देखाउनुभयो, जो निरन्तर, दिन–रात तिनीहरूसितै रहे। यसैप्रकार, हामी प्रत्येकको वरिपरि पनि एक देवदूत छ जसले हाम्रो जीवनको माध्यमले हामीलाई मुक्तितर्फ डोऱ्याइरहेछ (भजनसंग्रह 34:7; हिब्रू 1:14)

प्रत्येक दिन इस्राएललाई आध्यात्मिक आहार खुवाइयो जसलाई यूहन्ना 6–मा येशूले आफू स्वयं र परमेश्वरका वचनका प्रतीक बताउनुभएको छ। यदि तिनीहरूले नखाएको भए त्यस जंगलमा तिनीहरू चाँड़ै मर्नेथिए–खानको निम्ति त्यहाँ अन्य कुनै खाद्य–पदार्थ थिएन। यही कारणले गर्दा हामी तपाईंहरूलाई बाइबललाई अन्य पुस्तकहरूसरह पढ़ने सिफारिश गर्दैनौं। प्रत्येक दिन, बाइबल पढ़दा यसका निहितार्थहरूलाई स्पष्टतापूर्वक बुझ्नु आवश्यक छ। यो कार्य वास्तवमा, येशूरूपी अध्यात्मिक आहार ग्रहण गर्नु हो। यसप्रकारको योजनाको

प्रतिलिपि प्रकाशकहरूबाट नि:शुल्क प्राप्त गर्नसकिन्छ। यी अध्यायहरू पढ़ेर आफूलाई त्यसैको प्रतिबिम्ब बनाउनको निम्ति आफ्नो दिनचर्याबाट केही समय निकाल्नु बढ़ी महत्वपूर्ण हुन्छ, प्रत्येक दिन एउटै समयमा यसो गर्नु झन राम्रो हो।

टिप्पणीहरू

(1) विलियम्स्, पी.–महायान बुद्धिज्म: द डक्ट्रिनल फाउण्डेशन्स् (लण्डन: रूटलेज् एण्ड किगन पॉल), 1989।

### 3. 7 पापको समस्या

पापको समस्याको समाधान गर्नमा बौद्ध धर्म किन असफल रहेको छ भन्ने विषयमाथि हामीले अघि नै टिप्पणी गरिसकेका छौं। गलत आचरणको समस्याको मूल जरो मानवको आफ्नै इच्छा हो भन्ने कुरोलाई यसले मान्दैन, अनि यसो गरेर बौद्ध धर्मले यसबाट मानिसको ध्यानलाई हटाउँछ जबकि प्रत्येक इमान्दार मानिसले यो जान्दछ कि यो नै हाम्रो मूल समस्या हो। सृष्टिको सम्बन्धमा बाइबलका सबै कथनहरूलाई नकार्दै बौद्ध धर्मले उत्पत्तिको समग्र विषयलाई नै प्रभावहीन बनाउँछ: ''बौद्ध धर्मको उद्देश्य ज्ञान अनि अनुकम्पालाई विकसित गरेर निर्वाण प्राप्त गर्नु हो। यो विश्वको प्रारम्भ कसरी भयो भन्ने विषयको ज्ञानले यस कार्यमा कुनै योगदान पुऱ्याउँदैन''। यसको अर्थ, यहाँ ध्यान केवल वर्तमानमाथि केन्द्रित छ। तपाईं बाइबल पढ़नुहवस्। यसको प्रारम्भ उत्पत्तिको पुस्तकदेखि भएको छ, अनि समग्र बाइबलमा शुरूका अध्यायहरूको उल्लेख गरिएको छ। बाइबलभित्र बौद्ध धर्मग्रन्थहरूभन्दा कहीँ अधिक आन्तरिक सामञ्जस्य पाइन्छ। परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्छ र हुनुहुन्थ्यो भन्ने सत्यले नै दाऊद अनि यर्मिया जस्ता व्यक्तिहरूलाई विश्वास अनि प्रार्थनाको प्रेरणा दियो। नयाँ नियममा पुरूष अनि महिलाहरूलाई लिएर एक नयाँ सृष्टिको बारेमा बताइएको छ। भौतिक सृष्टि पश्चात्को यो कार्यको उद्देश्य सबै पुरूष अनि महिलाहरूलाई येशू ख्रीष्टकै प्रतिरूप बनाउनु हो, जसको अनुसरण हामीहरूले गर्नपर्छ। बौद्ध धर्मले ज्ञानमाथि ध्यान केन्द्रित गरेको दाबी गर्छ, तर उत्पत्तिको सत्यलाई यसले कुनै महत्व नदिएको हुनाले ज्ञान प्राप्तिको लक्ष्यमा कहिल्यै पनि पुग्न सकिँदैन। अनि उत्पत्तिको सत्यको उपेक्षा गरिएको हुनाले, पापका सबै समस्याहरू पनि उपेक्षित नै रहेका छन्–जबकि सम्पूर्ण दु:ख–कष्टको

मूल जरो नै यही हो। बौद्ध धर्मले अस्तित्वसम्बन्धी सबै कुराहरूलाई विकासको एक चक्रको रूपमा हेर्छ जसको न कुनै प्रारम्भ छ न कुनै अन्त। भन्नको तात्पर्य, उत्पत्तिसम्बन्धी प्रश्नहरूको उपेक्षा गरेर बौद्ध धर्मले परमेश्वरलाई सृष्टिकर्त्ताको रूपमा हेर्दैन। त्यहाँ कुनै निर्माता अनि सृष्टिकर्त्ता छैन भनेर विश्वास गर्नु हो भने धेरै बौद्ध धर्मावलम्बीहरूले झैं हामीलाई पनि क्रम-विकासमाथि विश्वास गर्न कर लाग्छ। तर पदार्थ शून्यबाट उत्पन्न भयो भनेर त मानव विज्ञानकै दृष्टान्त दिएर पनि भन्नसकिँदैन। त्यहाँ प्रारम्भ हुनैपर्छ। क्रम-विकाससम्बन्धी सिद्धान्तहरूले त झन अझै एक पाइला पछिका प्रश्नहरू उठाउँछन्-सृष्टिभित्रको स्पष्ट स्वरूप कताबाट आयो अनि यसको प्रारम्भ कसरी भयो? अस्तित्व एक चक्रको रूपमा हुनैसक्दैन -यसको प्रारम्भ कुनै स्थानमा, कुनै समयमा भएको हुनैपर्छ। अनि यसको प्रारम्भ कसैले गरेको हुनपर्छ। राम्रो तथा नराम्रोको धारणाको प्रारम्भ कतैबाट भएकै हुनपर्छ। धारणा, अवधारणा सदैव विद्यमान थियो भनेर भन्नसकिँदैन। बौद्ध धर्म मान्नेहरूले यी जटिलताहरू बारे आफ्नो दिमागमा ताला लगाउनु पर्छ। तर बाइबलमा भने यी विषयहरूको बारेमा यथार्थ साथै विश्वसनीय व्याख्याहरू छन्। अनि बाइबलमा स्पष्ट रूपमा भनिएको छ कि जसरी परमेश्वर प्राकृतिक जीवनको आरम्भकर्ता हुनुहुन्छ ठीक त्यसरी नै येशू अनन्त जीवनको ‘‘प्रणेता’’ हुनुहुन्छ (प्रेरित 3:15)।

**3.8 दु:खको समस्या**

दु:ख-कष्टहरूबाट छुटकारा पाउनको निम्ति बौद्ध धर्म यति मग्न रहेको छ कि अन्तमा यसले यो मानेको छ-यदि परमेश्वरको अस्तित्व छ भने उहाँले नै दु:ख-कष्टको सृष्टि गर्नुभएको हो, अनि यदि यसलाई मान्नु हो भने यस्तो विश्रृंखलाको सृष्टि गर्ने उनीहरूको ‘महान ब्रह्म’-को अत्यन्तै सीमित बुद्धि भएको बुझिन्छ। अनि यसकारण दु:ख-कष्टबाट पूर्ण रूपले छुटकारा पाउने बाटो देखाउने बुद्धका उपदेशहरू, दु:ख-कष्टको सृष्टि गर्ने ‘परमेश्वर’-भन्दा कहीँ अधिक श्रेष्ठ छ। के बौद्ध धर्म मान्नेहरूले यो देख्न सक्दैनन् कि यहाँ के भइरहेछ? एक व्यक्ति, बुद्धले स्वयंलाई परमेश्वरभन्दा माथि उठाइरहनु भएको छ। वास्तवमा, बौद्ध धर्मले परमेश्वरलाई एक बुद्धिहीन शक्तिको रूपमा स्थापित गरेको छ किनभने उनीहरूसित यो तथ्यलाई स्वीकार गर्ने विश्वासको अभाव छ कि दु:ख-कष्टहरूको उपयोग परमेश्वरले यस्तो प्रकारले गर्नुहुन्छ जसलाई हाम्रो सीमित बुद्धिले पूर्णतया

बुझ्नसक्दैन। छोटकरीमा भन्नु हो भने, बौद्ध धर्ममा विश्वासको कुनै पनि आयाम बारे केही उल्लेख छैन। के प्रतीत हुन्छ भने यो मानवद्वारा निर्मित अझै एउटा अर्को धर्म हो, जसलाई हताश अनि चोट खाएका व्यक्तिहरूले किन्नेछन् भन्ने आशामा पसलमा सजाएर राखिएको छ। विश्वासको अर्थ हो, जुन कुरो हामी देख्नसक्दैनौं त्यसमाथि आस्था राख्नु, अनि येशू तथा बाइबल अनुसार, विश्वास नै हामीमा अनिवार्य रूपले हुनुपर्ने त्यो गुण हो जसलाई हाम्रा वर्तमान अदृश्य सृष्टिकर्त्ताले हामीमा हेर्नचाहनु हुन्छ (हिब्रू 11:1)। बौद्ध धर्म मान्नेहरूले बुद्ध अनि बोधिसत्वप्रति आफ्नो भक्तिलाई प्रतिमा अनि मन्दिर जस्ता कृत्रिम वस्तुहरूमार्फत अभिव्यक्त गर्छन्। किन? किनभने बौद्ध धर्मले परमेश्वरसित साँचो सम्बन्ध राख्नको निम्ति आवश्यक विश्वासलाई मानिसहरूसमक्ष अत्यन्तै संक्षिप्त रूपमा राख्छ। यस दृष्टिले हेर्नु हो भने बौद्ध धर्म र कैथोलिकहरूमाझ धेरै समानताहरू पाइन्छन्- कैथोलिकहरूको जपमाला, सैद्धान्तिक रूपमा, बौद्ध धर्म मान्नेहरूको मणि धर्म चक्रहरू समान छ। तर, यहाँ प्रश्न के उठछ भने तपाईं केवल धर्म मात्रै चाहनुहुन्छ, वा ... उहाँको राज्यमा तपाईलाई अनन्त कालको निम्ति उद्धार गर्न चाहनुहुने, तपाईंसित सम्बन्ध राख्न चाहनुहुने, तपाईंको सृष्टिकर्त्ता, तपाईंको आफ्नै अनि एकमात्र सर्वशक्तिमान परमेश्वरसित एक वास्तविक अनि गतिशील सम्बन्ध चाहनुहुन्छ। यसैप्रकार, श्रीलंकामा त्यहाँका बौद्ध राजाहरूले जसरी बुद्धको दाँतको अवशेषलाई सदैव सुरक्षित राखे, ठीक त्यसरी नै रोमन कैथोलिकहरूले क्रूसका काँटी भनी मानिएका वस्तुहरूको श्रद्धपूर्वक पूजा गरे। बुद्ध रहनुभएका स्थानहरू तथा कुनैप्रकारले उहाँसित सम्बन्धित स्थानहरूलाई बौद्ध धर्मावालम्बीहरूले तीर्थस्थान मान्दै ती स्थानहरूको भ्रमण गर्नु, लोर्डस् अनि पवित्र मानिएका अन्य स्थानहरूको कैथोलिकहरूद्वारा गरिने तीर्थयात्रासरह नै हो। बुद्धका अवशेषहरू राखिएका भनी विश्वास गरिएका स्तुपहरू एशिया भरि नै पाइन्छ, त्यसरी नै कैथोलिक गिर्जाले समग्र यूरोप अनि मध्य-पूर्वमा पवित्र स्थानहरूको स्थापना गरेको छ। बन्धुगण, यी सब केही नभएर केवल धर्म मात्रै हो। यो मेरो निम्ति होइन, अनि म तपाईंहरूलाई जाग्ने तथा अधिक वास्तविक मार्ग अनि सत्यतर्फ बढ्ने विन्ति गर्छु।

बौद्ध धर्मले मानव जातिको समस्यालाई सही ढंगमा खुट्ट्याएको छ। ''सड्नु, रोग, मृत्यु, दु:ख, विलाप, पीड़ा, शोक, अनि निराशाले ग्रस्त, इच्छाले मानिसलाई यहीँ पुऱ्याउँछ:

हामीहरूले यी सब कुराहरू भोग्न पर्ने थिएन! यी सब कुराहरू हाम्राअघि थिएनन्!' केवल इच्छाले मात्रै पनि यी सब पाउन सकिँदैन; अनि कसैले इच्छा गरेको वस्तु नपाउनु, दु:ख हो''। तर बौद्ध धर्म समाधानको निम्ति मनुष्यपट्टि नै फर्किन्छ, जबकि मनुष्य हुनु स्वयं नै समस्या हो। हामी स्वयंले यसको समाधान गर्नसक्दैनौं। यसको उत्तर बाइबलले येशू ख्रीष्टमार्फत हामीलाई दिन्छ। येशू हामी जस्तै एक मानिस हुनुहुन्थ्यो, तर उहाँको जन्ममा परमेश्वरले हस्तक्षेप गर्नुभएको हुनाले उहाँमा हामी एक आदर्श मानवको रूप देख्छौं। उहाँले, पापको शक्तिमाथि विजय प्राप्त गर्नुभएको हुनाले, मानिसका सबै समस्याहरूबाट छुटकारा पाउने बाटो देखाउनुभएको छ। अनि बाइबल अनुसार, हाम्रा सबै दु:ख-कष्टहरूको मूल स्रोत नै पाप हो। बौद्ध धर्मले भन्छ, हामीहरूले दु:ख भोग्छौं किनभने हामीहरूले दु:ख भोग्नपर्छ, हामी यस्तो छौं किनभने हामी यस्तै नै हौं। यी सबका कारणहरूको बारेमा केही बताइएको छैन, अनि यसकारण म भन्छु कि बौद्ध धर्मले जुन उत्तरहरू दिएको छ, ती सबै अप्रासंगिक छन्। किनभने यसले यस्तो समस्याको समाधान गर्नखोज्छ, जसलाई यसले बुझेकै छैन। अनि यो भन्दा पनि निकृष्ट त यो छ कि बौद्ध धर्मले दु:ख-कष्टहरू कहाँबाट आएका हुन्, सो बताउन सक्दैन। यसले गर्दा, यो निष्कर्षमा पुगिन्छ कि सृष्टिको रचना परिपूर्णतासम्बन्धी एकप्रकारको अज्ञानद्वारा भएको हो। बाइबलको वर्णन अनुसार परमेश्वरले सबै थोकको 'अति नै राम्रो' सृष्टि गर्नुभयो तर मानवले अर्थात् आदम र हव्वाले त्यसलाई बिगारिदिए। यस्तो भएर पनि परमेश्वरले यस पृथ्वीलाई त्यो ''अति नै राम्रो'' स्थितिमा फर्काइल्याउने उद्देश्यले हव्वाकै सन्तानको रूपमा प्रभु येशू ख्रीष्टलाई पठाउनुभयो। निश्चित रूपमा, सृष्टिको चमत्कारको कुनै दाँजो छैन अनि कसैले पनि यसलाई कुनै अज्ञानी शक्तिको कार्य हो भन्नसक्दैन। सृष्टिकर्ताको श्रेष्ठताको आभास उहाँको सृष्टिमा, निश्चित् रूपमा, पाइन्छ। यो कुरो मान्छौं कि सृष्टिको विनाशको समस्या छ, तर पृथ्वीको पतन अनि ख्रीष्टद्वारा यसको उद्धार बारे बाइबलमा गरिएका वर्णनहरूले यसलाई सार्थक तुल्याउँछ। मानिसले झेल्न परेका दु:ख-कष्टहरूलाई परम अनिष्टको रूपमा हेर्दै बौद्ध धर्म सृष्टिको आलोचना गर्दछ; अनि दु:ख-कष्टहरूको यस्तो स्थिति कहाँबाट आएको हो भन्ने प्रश्नको कुनै ठोस उत्तर यस धर्ममा छैन। यद्यपि, बौद्ध धर्मको निष्कर्ष यही छ कि हाम्रा समस्याहरूको कारण हामी आफै नभएर सृष्टि वा

अस्तित्व स्वयं हो। *"बौद्ध धर्म मान्नेहरूले यस्तो विश्वमाथि विश्वास राख्छन् जहाँ लगातार सृष्टि अनि विनाश (परिवर्तन, नश्वरता) भइरहेको छ जो पीड़ा, क्षति अनि बिछोड़को मूल स्रोत हो"।* तर सृष्टिमाथि दोषारोपण गर्नु अर्थहीन हो। यो त कुनै समस्याहरूको निम्ति समस्यालाई नै दोष लगाउनु झैं हो। यो एकखालको वृत्ताकार बहस हो–जसको उत्पत्ति, समस्याहरूको मूल कारण मानिसले गरेको पापको हो भन्ने सत्यको सामना गर्न नसकेर भएको हो। नि:सन्देह, बौद्ध धर्मले पापको अवधारणालाई यति महत्वहीन बनाएको छ कि त्यहाँ गलत र सहीको बीचमा एउटा स्पष्ट धर्का तान्ने स्थान पनि छैन। एक साधारण बौद्ध धर्मावलम्बीमाथि उसले बौद्ध धर्मोपदेशहरूको उल्लंघन नगरोस् भनेर कुनै प्रकारको बाह्य प्रतिबन्ध लगाइएको छैन–किनभने त्यहाँ गलत र सहीको कुनै उचित परिभाषा छैन। उदाहरणको निम्ति, यदि कसैले व्याभिचार गर्छ भने अर्को जन्ममा उ युवावस्थामै मर्छ, वा अर्को जन्ममा उसको लिङ्ग सानो हुन्छ। अब प्रश्न यो उठ्छ कि यी निर्णयहरू कसले गर्छन्, अनि यी सब घटनाहरू घटनुको निम्ति शक्ति कहाँबाट आउँछ? यदि त्यहाँ सर्वशक्तिमान, परमेश्वरको अस्तित्व छैन भने यी प्रश्नहरूको उत्तर बौद्ध धर्मले दिनसक्दैन। आचरण अनि शिष्टाचारप्रति राम्ररी ध्यान नदिँदा पनि धेरै पापहरू हुन्छन्, अनि यो कुरोलाई स्वीकार गर्नु आवश्यक ठहर्दछ। बाइबलले हामीलाई सिकाउँछ कि पाप परमेश्वर विरूद्ध गरिएको वास्तविक र अनुभव गर्नसकिने अपराध हो अनि क्षमा–दान येशूको मृत्यु अनि बौह्री उठ्नुबाट मात्रै सम्भव छ। अनुग्रहको अनुभव, क्षमा प्राप्त गरेको अनुभवले नै मानिसलाई आफ्नो परमेश्वर तथा आफ्नो प्रभु येशूको कृतज्ञ तथा भक्त बनाउँछ। बौद्ध धर्ममा यो कुरो सम्भव छैन।

दु:ख–कष्टहरूबाट छुटकारा पाउनु अनि एक असल जीवन व्यतित गर्नुमाथि मात्रै बौद्ध धर्मको ध्यान गएको हुनाले उनीहरूले के सोच्छन् भने विकलाङ्ग भएर जन्मिएको कुनै व्यक्तिले पाएको कष्टको कारण पूर्व जन्ममा उसले गरेका दूष्कर्महरू हुन्। एकपल्ट जन्मैदेखिको अन्धाको बारेमा सोधपूछ गर्दा, येशूले भन्नुभयो कि उसले पाप गरेको कारणले होइन तर परमेश्वरका काम उसमा प्रकट होऊन् भनेर उ अन्धा जन्मिएको हो (यूहन्ना 9:2,3)। यो ख्रीष्ट्रान अनि बौद्ध धर्महरूमाझ रहेको प्रत्यक्ष भेद हो। यसैले, सबै धर्महरू अन्तमा एउटै निष्कर्षमा पुग्छन् भन्ने कतिपय बौद्ध धर्मावलम्बीहरूको विचार हास्यास्पद हो।

ख्रीष्टान अनि बौद्ध धर्ममाझ गहिरा भिन्नताहरू छन्। पुनर्जन्म मानिस वा पशुको रूपमा सम्भव भएकोले बौद्धधर्मले मानिसलाई मात्र एक पशुको रूपमा हेर्छ। हुन त, बाइबलले जसरी पशुहरू मरणशील छन् त्यसरी नै मानिसहरू पनि मरणशील छन् भनेको छ (उपदेशक 3:25-27; 9:5,6), तर यसले स्पष्ट रूपमा हामीलाई यो पनि बताउँछ कि हामी त्यो वास्तविक अनि साँचो परमेश्वरको प्रतिरूपमा बनिएका छौं जसले हाम्रो सृष्टि गर्नुभएको छ। हामी परमेश्वरको प्रतिरूप भएको हुनाले हामीले एका-अर्काको सम्मान गर्नपर्छ (याकूब 3:9,10), अनि परमेश्वरका चीजहरू परमेश्वरलाई सुम्पिनुपर्छ (मर्कूस 12:16,17), अर्थात् हाम्रो आफ्नो देह। यदि पशु अनि उद्भिदहरू मानिसहरूकै पुनर्जन्म हुन्, अनि हत्या गर्नु गलत हो भने बौद्ध धर्म मान्नेहरूले पशु अनि उद्भिदहरूको कहिल्यै पनि हत्या नगर्नुपर्ने हो। तर उनीहरू गर्छन्। अनि उनीहरूको विश्वासमा देखापरेको यो ठूलो परस्पर-विरोधी कुराहरूको कुनै सन्तोषजनक व्याख्या उनीहरूले कहिल्यै दिएका छैनन्। बाइबलले जो भनेको छ त्यसैमाथि विश्वास गर्नु नै बुद्धिमता हो, परमेश्वरले जनावर र उद्भिदहरूको सृष्टि, मानिसले यसलाई खाऊन् अनि धन्यवादका साथ यसलाई ग्रहण गरून् भनेर गर्नुभएको हो (1 तिमोथी 4:3,4)।

**4. निष्कर्षहरू**

येशू ख्रीष्ट अनि बाइबलमा पाइने उहाँका सिद्धान्त र उपदेशहरूको उद्देश्य मानव जीवनको, व्यवहारिक रूपमा, आमूल परिवर्तन गर्नु हो। ख्रीष्टान धर्ममा कसको कुरा मान्ने, त्यसको वास्तविक आधार छ, अनि त्यो हो बाइबल। बौद्ध धर्ममा यसको अभाव छ। तपाईंले के गर्नसक्नु हुन्छ भने बाइबल आफ्नैलागि पढ़नुहवस्। एकमात्र साँचो परमेश्वरलाई मार्गदर्शनको निम्ति प्रार्थना गर्नुहवस्, उहाँले तपाईंलाई उहाँको निकट लानुहुनेछ। यो सम्भावना बारे विचार गर्नुहवस् कि तपाईं परमेश्वरका पुत्र, येशू ख्रीष्टको मृत्यु अनि बौही उठनुमा सम्मिलित हुनलाई उहाँमा बप्तिस्मा लिनसक्नु हुन्छ। यी मामिलामा स्वयंलाई विश्राम नदिनुहवस् भनी म आग्रह गर्छु। नि:शुल्क पठन सामग्री र नि:शुल्क बाइबल अध्ययनसम्बन्धी पुस्तिकाको निम्ति तल दिएका फारम भर्नुहवस् र हामीलाई पठाउनुहवस्।

यसले तपाईंलाई आफ्नै वासस्थान र घरभित्र यथाक्रमले बाइबलको अध्ययन गर्नमा सहयोग दिनेछ। परमेश्वरले तपाईलाई आशीर्वाद दिऊन्।

Please send me the *Bible Basics* study manual, available in over 30 languages

Name:____________________________________________

Address:______________________________________________

e-mail:___________________________________________

Preferred language:___________________

Send the form to:
Bible Basics, PO Box 3034, South Croydon, Surrey CR2 0ZA ENGLAND
Or e-mail: bbie@bbie.org Visit us on the web: www.bbie.org